# बालश्रम निवारण सम्बन्धी कानूनहरूको सँगालो-२०७७

**प्रकाशक**


नेपाल सरकार

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

सिंहदरवार,काठमाण्डौ

# विषयसूची


| | |
|---|---|
| | पेज नं. |
| बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना | ७-४० |
| बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ | ४१-५४ |
| बाल श्रम (निषेध र नियमित गर्ने) नियमावली, २०६२ | ५५-७० |
| बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ | ७१-९० |

# वालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरूयोजना

## (२०७५-८५)

नेपाल सरकार

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

सिंहदरवार,काठमाण्डौ

# भूमिका

नेपालको संविधानले प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने हकको प्रत्याभूति गरेको छ । कुनै पनि व्यक्तिलाई इच्छा विपरित काममा लगाउन, बेचबिखन गर्न, दास वा बाँधा बनाउन नपाइने गरी शोषण विरुद्धको हक प्रदान गरेको छ। त्यसैगरी कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन बन्देज लगाउनुका साथै प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक सुनिश्चित गरेको छ। जोखिममा रहेका बालबालिकालाई विशेष संरक्षण प्रदान गर्दै बालश्रम लगायत श्रम शोषणका सबै रुपको अन्त्य गर्ने गरी संविधानले नै राज्यलाई नीतिगत मार्गनिर्देश गरेको छ।

श्रम ऐन, २०७४ ले श्रम शोषणका सबै अवस्थाको अन्त्य गर्ने उद्देश्यका साथ कसैले पनि बालबालिकालाई कानून विपरीत हुने गरी काममा लगाउन नपाइने व्यवस्था गरेको छ। बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ ले पनि उमेर नपुगेका बालबालिकालाई श्रमिकको रुपमा काममा लगाउन निषेध गरेको छ।

बाल अधिकार संरक्षण एवम् बालश्रम न्यूनीकरणका लागि विगतमा भए गरेका प्रयासहरुको फलस्वरूप यस क्षेत्रमा धेरै सुधार भएको छ। यस अघि पनि मुलुकमा बालश्रम निवारण गर्ने ध्येयका साथ बालश्रम राष्ट्रिय गुरुयोजना (२०६१-२०७१) तर्जुमा गरी कार्यान्वयन गरिएको थियो। यसबाट बालश्रमिकको संख्यामा कमी आउनुको साथै बालश्रम निवारणका लागि महत्वपूर्ण आधार तयार भएको छ। तथापी पूर्णरुपमा बालश्रम निवारण गर्ने कार्य भने चुनौतिपूर्ण नै रहेको छ। तसर्थ बालबालिकाको अधिकार सुनिश्चित गर्ने सन्दर्भमा नेपालको संविधानले गरेको बालश्रमरहित समाजको परिकल्पना साकार पार्न, विद्यमान नीतिगत एवम् कानूनी व्यवस्थालाई व्यवहारमा उतार्न तथा यस सम्वन्धमा भए गरेका राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय प्रतिवद्धता पूरा गर्न निश्चित कार्ययोजना सहित योजनाबद्ध रूपमा प्रयास अघि बढाउन जरूरी देखिएको छ। सोही अनुरूप नेपालको दिगो विकासको लक्ष्य, स्थिति र मार्गचित्र (२०१६-२०३०) मा सबै प्रकारका बालश्रम अन्त्य गर्ने गरी लक्ष्य तोकिएको छ।

उपर्युक्त सन्दर्भमा नेपाल सरकारको नीति, कानून तथा कार्यक्रममा बालश्रम निवारणको

एजेण्डालाई मूलप्रवाहीकरण गर्ने, संस्थागत क्षमता अभिवृद्धि मार्फत बालश्रम निवारणका लागि उपयुक्त वातावरण सिर्जना गर्ने प्रत्यक्षरुपमा लक्षित कार्यक्रम सञ्चालन गरी सामाजिक पुर्नस्थापना एवम् एकीकरण गर्ने र सरोकारवालाहरु बीच सम्पर्क सञ्जाल निर्माण गरी सहकार्य एवम् साझेदारी मार्फत बालश्रम निवारण गर्ने रणनीति लिई यो बालश्रम निवारण सम्वन्धी राष्ट्रिय गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको हो ।

बालश्रम निवारण गर्ने कार्य निकै चुनौतीपूर्ण छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गुरुयोजना कार्यान्वयनको अगुवाई तथा प्रमुख जिम्मेवारी लिने भएता पनि यस मन्त्रालयको एक्लो प्रयासबाट मात्र यसको सफल एवम् प्रभावकारी कार्यान्वयन असम्भव प्रायः छ । यसका लागि विभिन्न मन्त्रालय लगायतका सरकारी निकाय, विकासका साझेदार, नागरिक समाज, गैरसरकारी तथा निजी क्षेत्र र प्राज्ञिक क्षेत्रबीच समन्वय र सहकार्यको आवश्यकता पर्दछ । बालश्रम निवारणका लागि सबै नागरिक एवम् सामुदायिक संघ संस्थाको जागरुकता एवम् सक्रियतापूर्ण योगदान ज्यादै महत्वपूर्ण हुन्छ । गुरुयोजना कार्यान्वयनका लागि सम्वद्ध सबै क्षेत्रबाट निरन्तर रुपमा सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।
२०७५ आषाढ

# विषयसूची


| | |
|---|---|
| १. पृष्ठभूमि | ११ |
| २. बालश्रमको अवस्था | १२ |
| ३. गुरुयोजनाको आवश्यकता र औचित्य | १५ |
| ४. गुरूयोजनाको उद्देश्य | १५ |
| ५. गुरूयोजनाको लक्ष्य | १५ |
| ६. लक्षित समूह | १६ |
| ७. गुरुयोजनाको रणनीति | १७ |
| ८. कार्यान्वयन संरचना | १९ |
| ९. कार्यान्वयन विधि र समयावधि | १९ |
| १०. जिम्मेवार निकाय, अपेक्षित जिम्मेवारी र भूमिका | २० |
| ११. सूचना सम्प्रेषण | २२ |
| १२. लैङ्गिक समानता तथा सामाजिक समावेशीता | २३ |
| १३. स्रोत व्यवस्थापन | २३ |
| १४. अपेक्षित नतिजा | २४ |
| १५. सम्भाव्य जोखिम, त्यसको प्रभाव र जोखिम न्यूनीकरणको उपाय | २४ |
| १६. अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली | २४ |
| अनुसूचि १ | २६ |
| अनुसूचि २ | २७ |
| अनुसूचि ३ | ३१ |
| अनुसूचि ४ | ३२ |
| अनुसूचि ५ | ४० |

# बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५-२०८५)

## १. पृष्ठभूमि

बालश्रम मानव अधिकारको हनन मात्र नभै सामाजिक अपराध एवम् मानव सभ्यताको अभिशाप पनि हो । बालश्रमको अभ्यास रहेसम्म त्यस्तो समाजलाई सभ्य, विकसित वा आधुनिक मान्न सकिदैन । बालश्रमले बालबालिकाको बालापन सम्बन्धी मौलिक अधिकार हनन् मात्र गर्दैन, उनीहरुको भविष्य समेत अन्धकारतिर धकेल्छ । बालश्रम श्रमको शोषणका साथै राष्ट्रको कर्णधारको रुपमा रहेका बालबालिकाको प्रतिभालाई कुण्ठित गर्ने कुसंस्कार पनि हो ।यसकारण बालश्रम निवारण गर्ने कार्य सरकारको एक महत्वपूर्ण जिम्मेवारी हो भने त्यसका लागि हरतरहले सहयोग पु¥याउनु आधुनिक सभ्य समाजको कर्तव्य पनि हो ।

संयुक्त राष्ट्र संघको महासभाबाट सन् १९८९ मा पारित बाल अधिकार सम्बन्धी महासन्धी (Convention on the Child Rights) ले बालबालिकाको विशेष हेरचाह तथा सहायता प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको छ । महासन्धीमा उनीहरूको सर्वाङ्गिण व्यक्तित्व विकासका लागि उचित पारिवारिक वातावरण पाउनुपर्ने कुरामा समेत जोड दिएको छ । उक्त महासन्धीको प्रस्तावनामा बालबालिका शारिरीक र मानसिक रुपमा अपरिपक्व हुनेहुँदा उनीहरूलाई उचित सुरक्षा र हेरचाहको साथै कानूनी संरक्षण प्रदान गर्नुपर्ने विषय समावेश गरिएको छ ।

नेपालको संविधानले परिकल्पना गरेको बाल अधिकारको सुनिश्चतता गरी बालबालिका विरूद्ध हुने सबै प्रकारका शोषणको अन्त्य गर्न राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु समेत समावेश गरी यो गुरुयोजना तयार पारिएको हो। विगतका प्रयासहरुको परिणामस्वरुप औपचारिक क्षेत्रमा बालश्रम निकै घटेको अवस्थालाई मध्यनजर गर्दै अनौपचारिक क्षेत्र, सीमापार तथा आप्रवासी बालश्रमको प्रयोग, बालश्रमको क्षेत्रमा देखिएका जबर्जस्ती श्रम, बेचबिखन, हिँसा तथा यौन शोषणलाई सम्बोधन गर्नुपर्ने आवश्यकता छ । बालश्रमको आपूर्ति पक्षमा राज्यद्वारा हस्तक्षेप गरी बालश्रमका बदलिँदा आयामलाई

सम्बोधन गरी सभ्य र समृद्ध मुलुक निर्माणमा योगदान गर्न बालश्रम निवारणका विगतका असल अभ्यास र सिकाइहरुलाई निरन्तरता दिदै गुरुयोजनाले बालश्रम निवारणका लागि ठोस रणनीति तथा कार्यक्रम सहित कार्यान्वयनयोग्य नीतिलाई मूल आधार बनाएको छ। गुरुयोजनाको अवधारणागत खाका अनुसूची १ मा रहेको छ।

नेपाल सरकारले बालश्रमलाई पूर्णतः निवारण गरी बालश्रममुक्त, सभ्य र आधुनिक समाज निर्माण गर्न निरन्तर प्रयास गरिरहेको छ। वि.सं. २०६१ देखि २०७१ सम्मका लागि दश बर्षे गुरुयोजना तर्जुमा गरी बालश्रम निवारण गर्ने प्रयास गरिएको थियो। गुरुयोजनाबाट अपेक्षित उपलब्धी हासिल हुन नसके पनि बालश्रम निवारणका लागि महत्वपूर्ण आधार तयार भएको छ। उक्त गुरुयोजनाको अनुभवलाई समेत दृष्टिगत गरी बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५-२०८५) तर्जुमा गरिएको हो।

# २. बालश्रमको अवस्था

## (क) बालश्रमको विश्वव्यापी अवस्था

अन्तर्राष्ट्रिय श्रम सङ्गठनको सन् २०१७ को Global Estimates of Child Labour, Results and Trends, 2012–2016 सम्बन्धी प्रतिवेदन अनुसार विश्वमा बालश्रमको संख्या १५ करोड २० लाख रहेको जनाएको छ। यस मध्ये स्वास्थ्य, सुरक्षा र नैतिक विकासमा प्रत्यक्ष रुपमा जोखिमयुक्त काममा ७ करोड ३० लाख बालबालिका संलग्न छन्। एशिया तथा प्यासिफिक क्षेत्रमा बालश्रमको संख्या ६ करोड २० लाख छ। यसरी विश्वभर करोडौं बालबालिका अझै पनि बालश्रमिकको रूपमा रहेको अवस्था छ। बालश्रम निवारण सम्बन्धमा भए गरेका प्रयासहरुको बाबजुद विश्वबाट बालश्रम निर्मुल हुन अझै केही समय लाग्ने देखिएको छ।

## (ख) नेपालमा बालश्रम

केन्द्रीय तथ्याङ्क विभागले प्रकाशित गरेको बालश्रम सम्बन्धी तथ्याङ्क र अन्तर्राष्ट्रिय श्रम सङ्गठनले तयार पारेको प्रतिवेदनलाई आधार मान्दा एकातिर बालश्रमको समस्या जटिल बन्दै गइरहेको छ भने अर्कोतिर केही प्रकारका (खासगरी ५ देखि १४ बर्ष उमेरका) बालश्रमको अनुपात घट्दै गएको अवस्था छ।केन्द्रीय तथ्याङ्क विभागबाट प्रकाशित बहुक्षेत्रीय क्लस्टर सर्वेक्षण (Multiple Indicator Cluster Survey–2014) का

अनुसार ५ देखि १७ वर्ष उमेर सम्मका ३७.४ प्रतिशत बालबालिका बालश्रममा संलग्न रहेको पाइएको छ । सरकारी निकायबाट प्रकाशित बालश्रम सम्बन्धी अद्यावधिक तथ्याङ्क ज्यादै कम मात्रामा उपलब्ध छ। केन्द्रीय तथ्याङ्क विभागबाट नेपाल श्रमशक्ति सर्वेक्षणको कार्य थालनी भइसकेको हुदा छिट्टै नै यससम्बन्धी अद्यावधिक तथ्याङ्क उपलब्ध हुने अपेक्षा गरिएको छ।

गलैंचा उद्योग, ढुङ्गा खानी जस्ता क्षेत्रमा बालश्रम कम हुदै गएको देखिन्छ भने केही क्षेत्रमा बालश्रम बढेको देखिन्छ। सडक व्यापार, मोटर साइकल र साइकल मर्मत, सामान ओसार पसार, घरायसी काम, भरिया, सीमामा अबैध सामान ओसार पसार, कपडामा जरी भर्ने जस्ता क्षेत्रमा बालश्रम बढिरहेको पाइन्छ । गरिबी, राजनीतिक अस्थिरता, बेरोजगारी, अर्धबेरोजगारीका साथै शहरी क्षेत्रमा जनसंख्याको चाप बढ्दै गएकोले बालश्रमको मागमा पनि बृद्धि भएको देखिन्छ। बालअधिकार संरक्षणमा सरकारी तथा गैरसरकारी संस्थाको भूमिकामा न्यून प्रभावकारीता र सामाजिक संस्कारमा अपेक्षित सुधार नहुनु जस्ता कारणले अपेक्षाकृत रुपमा बालश्रम घट्न सकेको छैन । शहरी क्षेत्रमा बसाइ सराई बढ्दै जाँदा आर्थिक कारणले समेत बालश्रमको आपूर्ति बढेको देखिन्छ। त्यसैगरी निकृष्ट र शोषणयुक्त प्रकारको बालश्रममा समेत बालिकाको प्रयोग अधिक रहेको पाईएको छ । यसप्रकार बालश्रमको समग्र स्थितिमा अपेक्षित सुधार आएको देखिदैन ।

### (ग) दिगो विकास लक्ष्य

संयुक्त राष्ट्र संघले आगामी सन् २०३० सम्ममा पूरा हुने गरी दिगो विकास लक्ष्यहरु निर्धारण गरेको छ । आठौं लक्ष्य "समावेशी तथा दिगो आर्थिक विकास, रोजगारी र सबैका लागि मर्यादित काम प्रवर्द्धन" मा बालश्रम निवारण गर्ने लक्ष्य समेत समावेश गरिएको छ। यसै लक्ष्यको सातौं बुँदामा "बाध्यकारी श्रम उन्मूलन, आधुनिक दासत्व अन्त्य, निकृष्ट प्रकारको बालश्रम निषेध र निवारणका अतिरिक्त बाल सैनिक भर्ना र प्रयोग तथा सन् २०२५ सम्ममा सबै प्रकारका बालश्रम अन्त्य गर्न तत्काल प्रभावकारी उपायहरु अपनाउने" लक्ष्य निर्धारण गरिएको छ ।संयुक्त राष्ट्र संघको सदस्य राष्ट्रको रुपमा नेपालले यो लक्ष्य पूरा गर्न सबै प्रकारको प्रयत्न गर्नु वाञ्छनीय भएकोले पनि यो राष्ट्रिय गुरुयोजना तर्जुमा गरिएको छ।

### (घ) आवधिक योजनामा बालश्रम निवारण सम्बन्धी व्यवस्था

तेह्रौं आवधिक योजना (२०७०/७१-२०७२/७३) ले सबै किसिमको बालश्रम उन्मूलन गर्ने नीति लिएको थियो । उक्त योजनाको कार्यनीतिमा "निकृष्ट बालश्रम निवारणका लागि कार्यक्रमहरु सञ्चालन गरी बालश्रमिकहरुको उद्धार र पुनःस्थापना गरिनेछ र बालश्रम सम्बन्धी नीति, कानून र कार्यक्रम सुधार गरिनेछ" भन्ने उल्लेख गरिएको थियो। यस अनुरुप बालश्रम निवारणका लागि नयाँ गुरूयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइने कार्यक्रम तय गरिएको थियो ।

चौधौं योजना (२०७३/७४-२०७५/७६) मा उल्लेख भएको श्रम तथा रोजगारी रणनीतिको बुँदा नं. ३ मा "श्रमिकको हक अधिकारको संरक्षण तथा असल श्रम सम्बन्ध स्थापना गर्ने" र कार्यनीतिमा "बालश्रम सम्बन्धी नीति, कानून र कार्यक्रममा सुधार गरिनेछ र निकृष्ट प्रकृतिका बालश्रम निवारण र बालश्रम न्यूनीकरणका लागि कार्यक्रमहरु सञ्चालन गरी बालश्रमिकहरुको उद्धार र पुनर्स्थापना" गर्ने विषय उल्लेख भएको छ । आवधिक योजनाका उल्लेखित विषयहरूलाई गुरुयोजनाले मुख्य आधार मानेको छ ।

### (ङ) संवैधानिक एवम् कानूनी व्यवस्था

नेपालको संविधानले प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने हकको प्रत्याभूति गरेको छ । कुनै पनि व्यक्तिलाई इच्छा विपरीत काममा लगाउन, बेचबिखन गर्न, दास वा बाँधा बनाउन नपाइने गरी शोषण विरुद्धको हक प्रदान गरेको छ । त्यसैगरी कुनैपनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन बन्देज लगाउनुका साथै प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक सुनिश्चितता गरेको छ । जोखिममा रहेका बालबालिकालाई विशेष संरक्षण प्रदान गर्दै बालश्रम लगायत श्रम शोषणका सबै रुपको अन्त्य गर्ने गरी राज्यलाई नीतिगत मार्गदर्शन गरेको छ । श्रम ऐन, २०७४ ले सबै प्रकारका श्रम शोषणको अन्त्य गर्ने उद्देश्यका साथ कसैले पनि बालबालिकालाई कानून विपरीत हुने गरी काममा लगाउन नपाइने व्यवस्था गरेको छ । बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ ले पनि उमेर नपुगेका बालबालिकालाई श्रमिकको रुपमा काममा लगाउन निषेध गरेको छ ।

## ३. गुरुयोजनाको आवश्यकता र औचित्य

निकृष्ट प्रकारको बालश्रम सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि (नं. १८२) नेपालले अनुमोदन गरिसकेको सन्दर्भमा सो कार्यान्वयन गर्न बालश्रम निवारणका लागि योजनाबद्ध प्रयास आवश्यक छ । चौधौं योजना र नेपाल सरकारका विषयगत मन्त्रालयहरूले सञ्चालन गर्ने कार्यक्रम एवम् आयोजनाहरुले बालश्रम निवारण गर्न केही न केही योगदान दिइरहेका छन् । तर छरिएर रहेका त्यस्ता प्रयासले अपेक्षित उपलब्धी दिन कठिनाइ हुने हुँदा यी प्रयासहरुलाई समन्वयात्मक किसिमबाट एकीकृत र सामन्जस्यपूर्ण किसिमले सञ्चालन गर्न सके मात्र अपेक्षित प्रतिफल पाउन सकिन्छ । बालश्रम निवारण र बालबालिकाको हक हित संरक्षणका लागि प्रत्यक्ष र परोक्ष रुपमा संचालित आयोजना तथा कार्यक्रमहरुसँग तादाम्यता राख्नुका साथै बालश्रम निवारणका लागि तय भएका नीति, कार्यक्रम र आयोजनाहरुबीच समन्वयात्मक तथा सामन्जस्यतापूर्ण सम्बन्ध कायम राख्न गुरुयोजना उपयोगी हुने अपेक्षा गरिएको छ । निर्धारित समयभित्र बालश्रम निवारण गरी मुलुकलाई वालश्रममुक्त तुल्याउन निरन्तर रूपमा योजनाबद्ध प्रयास हुन जरूरी भएकोले पनि यो गुरूयोजना तर्जुमा गरिएको हो ।

## ४. गुरूयोजनाको उद्देश्य

नेपालबाट सबै प्रकारको बालश्रम पूर्णरुपमा निवारण गरी मुलुकलाई बालश्रम रहित बनाउनु ।

## ५. गुरूयोजनाको लक्ष्य

क) वि.स.२०७९ सम्ममा निकृष्ट र शोषणयुक्त प्रकारको बालश्रम निवारण गर्ने । यसका लागि आवश्यक पर्ने नीति, रणनीति तथा कानून पहिचान, संशोधन वा सुधार गर्ने ।

ख) वि.स. २०८२ सम्ममा सबै प्रकारका बालश्रम निवारण गर्ने । यसका लागि सार्वजनिक तथा सामाजिक संयन्त्र एवम् संरचनाहरुको संस्थागत क्षमता विकास गर्ने, त्यसैगरी सामाजिक पुनः एकीकरण र आर्थिक विकल्पहरु प्रदान गर्दै सरोकारवाला तथा लक्षित वर्गको सञ्जाल तथा समन्वय संरचना स्थापना,

परिचालन र सशक्तिकरण गर्ने । साथै बालश्रम निवारणको लागि लक्षित साझेदारी कार्यक्रमलाई अभियानको रुपमा कार्यान्वयन गर्ने ।

## ६. लक्षित समूह

बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ को दफा ३ बमोजिम बालश्रमको दायरामा परेका र पर्न सक्ने सबै बालबालिकालाई यस गुरुयोजनाले लक्षित गरेको छ। सबै प्रकारको बालश्रममा रहेका सबै बालबालिका यस गुरुयोजनाका प्रत्यक्ष लाभान्वित समूह हुन् । यसैगरी बालश्रमको जोखिममा रहेका बालबालिका र बालश्रममा रहेका बालबालिकाका परिवार पनि यस गुरुयोजनाका लक्षित समूहभित्र पर्दछन ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १३८ बाट परिभाषित बालश्रम तथा महासन्धि नं. १८२ बाट परिभाषित निकृष्ट प्रकारको बालश्रम समेत गरी हरेक स्थानमा रहेका सबै प्रकृतिका बालश्रम र औपचारिक तथा अनौपचारिक क्षेत्रका ५देखि १७ वर्ष उमेर समूहका बालश्रमिकलाई यस गुरुयोजनाले लक्षित गरेको छ ।

बेचविखन तथा ओसारपसारमा परेका बालबालिकालाई बिशेष ध्यान दिंदै सरोकारवाला पक्षहरुको सुझाव  र अघिल्लो राष्ट्रिय गुरूयोजनामा पहिचान गरिएका प्राथमिकतालाई समेत ध्यानमा राखी यस गुरुयोजनामा नेपाल सरकारले सूचना प्रकाशन गरी थपघट वा हेरफेर गर्न सक्नेगरी निम्नलिखित बालश्रमलाई खास लक्षित समूहको रुपमा पहिचान गरिएको छ ।

(१) घरेलु बालश्रम,

(२) बाल भरिया,

(३) कृषि बालश्रम,

(४) लागूपदार्थ सङ्कलन, बेचविखन तथा ओसारपसारमा संलग्न बालश्रम,

(५) बुनाई बालश्रम,

(६) ईट्टा उद्योगको बालश्रम,

(७) खानी क्षेत्रको बालश्रम,

(८) मनोरञ्जन क्षेत्रको बालश्रम (यौन शोषण समेत),

(९) यातायात क्षेत्रको बालश्रम,

(१०) जरी तथा बुट्टा भराईमा संलग्न बालश्रम,

(११) छिमेकी देशमा पुऱ्याईएका बालश्रम,

(१२) यान्त्रिक वा रासायनिक क्षेत्रमा काम गर्ने बालश्रम,

(१३) माग्ने काम गरिरहेका बालश्रम,

(१४) सडक व्यापारमा संलग्न बालश्रम,

(१५) जडिबुटी सङ्कलन गर्ने बालश्रम,

(१६) भौतिक पूर्वाधार क्षेत्रको बालश्रम तथा

(१७) होटेल रेष्टुराँको बालश्रम ।

बालश्रम माथिको निर्भरता र बालश्रम न्यूनीकरण गरी मर्यादित कार्य वातावरणको विकास गर्न प्रस्तुत राष्ट्रिय गुरुयोजनाले बालश्रममा संलग्न रहेका वा बालश्रमको जोखिममा रहेका बालबालिकाका अतिरिक्त तिनका परिवार र रोजगारदाता तथा काम गर्ने उमेर पुगेका सबै श्रमिकलाई लक्षित गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

## ७. गुरुयोजनाको रणनीति

यस गुरुयोजनामा वि.सं. २०८२ सम्ममा सबै प्रकारको बालश्रमको निवारण गर्ने मूल ध्येय प्राप्तिका लागि पाँचवटा प्रमुख रणनीति अवलम्बन गरी अपेक्षित नतिजा र सो प्राप्तिका लागि गर्नुपर्ने कार्यहरु पहिचान गरिएको छ । गुरुयोजनाको उद्देश्य, रणनीति, नतिजा तथा अनुगमन सूचक अनुसूची २ मा उल्लेख गरिएको छ।

रणनीति (१) बालश्रम निवारण सम्बन्धी नीतिगत, कानूनी र संस्थागत व्यवस्थामा सुधार गरी सोको प्रभावकारी कार्यान्वयन गर्ने ।

बालश्रम निवारणका लागि गहन एवम् व्यवहारिक अध्ययन अनुसन्धान गरी सोका आधारमा आवश्यक पर्ने सबै राष्ट्रिय नीति एवम् कानूनमा संशोधन र आवश्यकता अनुसार नयाँ नीति तथा कानून तर्जुमा गरी सो अनुकूलको संरचना निर्माण गर्ने । आ.व. २०७५/७६ सम्ममा आवश्यक नीतिगत एवम् कानूनी सुधार  गर्ने । बालश्रम निवारणका लागि जिम्मेवार निकाय तथा संस्थालाई बालश्रम निवारण कार्यमा मूलप्रवाहीकरण गरी पूर्ण जिम्मेवार बनाउने।

रणनीति (२) बालश्रम निवारणसँग सम्वद्ध सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने।

बालश्रम निवारणका लागि काम गर्ने सरकारी, गैरसरकारी, निजी क्षेत्र र सामाजिक संघ संस्था तथा प्रतिष्ठान, बाल क्लब तथा सामाजिक संस्थाहरुको संस्थागत एवम्

संरचनागत सुधारका साथै मानव संशाधनको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरी बालश्रम निवारणका लागि सवल एवम्  अनुकूल वातावरण सिर्जना गर्ने । यस्तो क्षमता अभिवृद्धिका कार्यक्रमले अप्रत्यक्ष लाभग्राही समूह समेतलाई समेट्नेछ। यस्ता क्षमता अभिवृद्धिको कार्यक्रम निरन्तर सञ्चालन भइरहने भएपनि गुरूयोजनाको प्रारम्भदेखि मूलतः चौथो बर्ष (वि.सं. २०७९) सम्म सघन रुपमा सञ्चालन गरिनेछ ।

रणनीति (३) बालश्रममा परेका बालबालिकाको नियमित खोजी, अनुगमन, उद्धार, र पुनर्स्थापना गर्ने ।

ग्रामीण तथा शहरी क्षेत्रमा बालश्रममा रहेका एवम् बालश्रमको जोखिममा रहेका बालबालिकाहरूको अवस्था पहिचान गर्ने नियमित अनुगमन गरी उनीहरुलाई त्यस्तो अवस्थाबाट उद्धार गरी परिवार तथा समाजमा पुर्नस्थापना गरी बालश्रमको अवस्थाबाट मुक्त गर्ने । बालश्रममा प्रवेश गर्ने जोखिममा रहेका बालबालिकाको पहिचान गरी प्रतिरोधात्मक एवम् निरोधात्मक कार्यक्रम सञ्चालन गर्ने । पुनर्स्थापना लागि अल्पकालीन र दीर्घकालीन सेवा प्रदान गर्ने गरी सबै प्रदेश र स्थानीय तहमा निरीक्षण तथा अनुगमन संरचना निर्माण गर्ने । मुलुकका सबै स्थानीय तहमा बालबालिका पुनर्स्थापना केन्द्र स्थापना गर्ने ।

रणनीति (४) प्रत्यक्ष लक्षित कार्यक्रम मार्फत बालश्रमको जोखिममा परेका बालबालिका तथा तिनका परिवारका लागि आवश्यक सहयोग उपलब्ध गराउने।

आर्थिक तथा सामाजिक कारणले आफ्ना बालबालिकालाई बालश्रममा पठाउन बाध्य परिवारहरूको पहिचान गरी त्यस्ता परिवारहरूलाई उपयुक्त विकल्प प्रदान गर्न लक्षित कार्यक्रम सञ्चालन गर्ने। लक्षित कार्यक्रम मूलतः शिक्षा, सीप विकास, जीविकोपार्जनका बैकल्पिक उपाय जस्ता विषयमा केन्द्रीत गर्ने । विकासको मूल प्रवाहबाट पछाडि परेका परिवारलाई लक्षित गरी चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । यस्ता लक्षित कार्यक्रमहरू बालश्रम पूर्ण रूपमा अन्त्य नभएसम्म सञ्चालन गरिनेछ।

रणनीति (५) सरोकारवालाहरु बीच सहकार्य, समन्वय र संजाल स्थापना गरी सञ्चालन गर्ने ।

बालश्रम निवारणमा क्रियाशील निकाय तथा संघ संस्थाहरुबीच समन्वय र समझदारी कायम गर्दै औपचारिक तथा अनौपचारिक सन्जाल स्थापना गरी कार्यक्रमहरू प्रभावकारी रुपमा संचालन गर्ने ।

## ८. कार्यान्वयन संरचना

बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ को दफा २३ ले "बालश्रम निवारण समिति" को व्यवस्था गरेको छ । बालश्रम निवारण गुरुयोजना कार्यान्वयनको प्रमुख जिम्मेवारी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिवको अध्यक्षतामा गठित यस समितिको हुनेछ । समितिमा नागरिक समाज, गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय समुदाय र बाल अधिकार संरक्षणमा संलग्न संघ संस्थाका प्रतिनिधिलाई समेत आमन्त्रण गर्न सकिनेछ । समितिले गुरुयोजना कार्यान्वयन गर्ने, सरकारी तथा गैरसरकारी संस्थाहरुसँग समन्वय गर्ने, साधन र स्रोत व्यवस्थापन एवम् संयोजन गर्ने, जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने र सोको अनुगमन तथा मूल्याङ्कन गरी बालश्रम सम्बन्धमा राष्ट्रिय प्रतिवेदन तयार पार्नेछ । यस गुरुयोजनाको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन गर्न समितिले एउटा उपसमिति गठन गर्न सक्नेछ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा रहेको बालश्रम हेर्ने शाखालाई सुदृढ गरी यो गुरुयोजना कार्यान्वयन गर्न सम्वद्ध निकायहरुसँग समन्वय गर्ने जिम्मा दिइनेछ । यस शाखाले समितिको सचिवालयको साथै सम्पर्क बिन्दुको काम पनि गर्नेछ ।

यसैगरी नेपाल सरकारका सम्बद्ध मन्त्रालयहरुमा निश्चित कार्यादेश र मार्गदर्शन सहित बालश्रम निवारण सम्पर्क बिन्दु स्थापना गर्न सकिनेछ । यस गुरुयोजनाको कार्यान्वयन संरचना अनुसूची ३ बमोजिम हुनेछ ।

## ९. कार्यान्वयन विधि र समयावधि

यस गुरुयोजना कार्यान्वयनका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट छुट्टै कार्य योजना तयार गरी सोको प्रभावकारी कार्यान्वयन गरिनेछ । यो गुरुयोजना २०७५ श्रावण १ गतेदेखि लागू भई २०८५ असार मसान्तसम्म कायम रहनेछ, गुरुयोजनाको कार्यान्वयन देहाय अनुसार गरिनेछ ।

क) रणनीति १ अनुसारको नीतिगत एवम् कानूनी व्यवस्था आ.व. २०७५/७६ सम्ममा भइसक्ने ।

ख) रणनीति २ अनुसारको काम निरन्तर जारी रहने भएपनि मुख्य कामहरु वि.सं.

२०७६ सम्ममा सम्पन्न भइसक्ने ।

ग) रणनीति ३ अनुसार बालश्रममा परेका बालबालिकाको नियमित खोजी, अनुगमन, उद्धार, र पुनर्स्थापना गर्ने काम गुरुयोजना कार्यान्वयनको शुरूवातदेखि नै सञ्चालन भई बालश्रम सम्बन्धी समस्या रहेसम्म जारी रहनेछ ।

घ) रणनीति (४) अनुसार प्रत्यक्ष लक्षित कार्यक्रम मार्फत बालश्रमको जोखिममा परेका बालबालिकाको परिवारका लागि आवश्यक सहयोग उपलब्ध गराउने कार्यक्रम निरन्तर रूपमा सञ्चालन गर्ने । वि.सं. २०८५ सम्म त्यस्ता घरपरिवारको आर्थिक सामाजिक पक्षमा सुधारको साथै जीविकोपार्जनमा सुधार हुने अपेक्षा गरिएको छ ।

ङ) गुरुयोजना स्वीकृत हुनासाथ रणनीति ५ अनुसारका सरोकारवाला र हित समूहहरुको समन्वय सञ्जाल तथा आवश्यक संरचनाको निर्माण गरिनेछ ।
वि.सं. २०८५ आषाढ मसान्तसम्म जोखिममा रहेका बालबालिकाको अद्यावधिक तथ्याङ्काधार (Database) र गुरुयोजनाको उपलब्धि सहितको प्रतिवेदन तयार गरिनेछ ।

## १०. जिम्मेवार निकाय,, अपेक्षित जिम्मेवारी र भूमिका

गुरुयोजनाको सफल कार्यान्वयनका लागि सबै तहका सरकारी, गैरसरकारी र सामाजिक संघसंस्थाको सहयोग र प्रतिवद्धता आवश्यक छ । यसका लागि सरोकारवालाहरुको अपेक्षित जिम्मेवारी र भूमिका अनुसूची ४ मा उल्लेख भएअनुसार हुनेछ ।

**क) संघीय तह**

गुरुयोजना कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको हुनेछ। गुरुयोजना कार्यान्वयनमा प्रत्यक्ष रुपमा संलग्न हुने मन्त्रालयहरुमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक; शिक्षा, विज्ञान तथा प्रविधि; संघीय मामिला तथा सामान्य प्रशासन; स्वास्थ्य तथा जनसंख्या; सञ्चार तथा सूचना प्रविधि; परराष्ट्र र कृषि तथा पशुपन्छी विकास, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण रहेका छन् । यसका अतिरिक्त केन्द्रीय निकायहरुमा राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय योजना आयोग र केन्द्रीय बालकल्याण समिति पनि पर्दछन् ।

संघीय तहका निकायहरुले आफ्नो नीति, कानून एवम् कार्यक्रमहरुमा बालश्रम निवारणको विषय मूलप्रवाहीकरण गरी बालमैत्री बनाउनेछन् । यी निकायहरुले बालश्रम निवारणलाई प्राथमिकता दिई यो गुरुयोजनाको कार्यान्वयनमा सघाउ पुऱ्याउने गरी आ-आफ्नो कार्यक्रम तर्जुमा एवम् कार्यान्वयन गर्नेछन् ।

**ख) प्रदेश तह**

बालश्रम निवारण गर्न प्रदेश सरकारको समेत महत्वपूर्ण जिम्मेवारी एवम् भूमिका हुनेछ । यो गुरुयोजनाको सफल कार्यान्वयनका लागि प्रदेशका सम्बन्धित मन्त्रालयले बालश्रम निवारण सम्बन्धमा अनुगमन, नीतिगत निर्देशन र आचारसंहिताको प्रभावकारी कार्यान्वयन गर्नेछन्। प्रदेश तहबाट बालश्रम निवारण सम्बन्धी राष्ट्रिय नीति एवम् कानून विपरित नहुने गरी बालश्रम निवारण सम्बन्धमा आवश्यकतानुसार नीतिगत, कानूनी एवम् संस्थागत व्यवस्था हुन सक्नेछ ।

**ग) स्थानीय तह**

गुरुयोजना कार्यान्वयनमा स्थानीय तहको जिम्मेवारी र भूमिका गहन रहनेछ । घरपरिवारदेखि उद्योग प्रतिष्ठानसम्म बालश्रम भए नभएको अनुगमन गर्ने, बालश्रम निवारणका कार्यक्रम सञ्चालन गर्ने र स्थानीय स्तरमा चेतना अभिवृद्धि गर्ने जिम्मेवारी स्थानीय तहको हुनेछ । ग्रामीण क्षेत्रबाट बालश्रम आपूर्ति हुने सम्भावना बढी भएकोले आपूर्ति नियन्त्रणको कार्य गाउँ पालिकाले गर्नेछ भने बालश्रम उपभोग गर्ने क्षेत्र सामान्यतः शहर हुने भएकोले बालश्रम निषेध र निवारणको मुख्य जिम्मेवारी गाउँपालिका र नगरपालिकाहरुको रहनेछ ।

**घ) नागरिक समाज, गैर सरकारी संस्था, सञ्चार क्षेत्र र प्राज्ञिक क्षेत्र**

बालश्रम निवारणको सम्बन्धमा नागरिक समाज, गैरसरकारी संस्था र सञ्चार जगतले खासगरी जनचेतना अभिवृद्धि गर्ने । सरकारी निकायको समन्वयमा बालश्रममा परेका बालबालिकाको उद्धार गर्न सहयोग पुऱ्याउनुको साथै यस्ता बालबालिकालाई मनोपरामर्श जस्ता सेवा समेत प्रदान गर्ने । सामाजिक परिचालन, बालश्रम पहिचान र रिपोर्टिङ्गमा सहजीकरण तथा समाज र सरकार

बीच सम्पर्क बिन्दुको रुपमा पनि यी क्षेत्रलाई जिम्मेवार बनाइनेछ । यसैगरी बालश्रम न्यूनीकरणका लागि अध्ययन अनुसन्धान गर्न प्राज्ञिक क्षेत्रलाई परिचालन गरिनेछ ।

**ङ) व्यवसायिक तथा निजी क्षेत्र**

बालश्रम निवारणका लागि व्यवसायिक तथा निजी क्षेत्रको महत्वपूर्ण भूमिका रहेको छ । बालश्रम माग हुने क्षेत्र भएकोले पनि बालश्रम निवारणका लागि यस क्षेत्रको महत्वपूर्ण भूमिका हुन्छ । बालबालिकालाई बालश्रममा नलगाउने प्रतिवद्धता जनाउने, बालश्रमिकले काम गरिरहेको भए पुर्नस्थापना गरिदिने, बालश्रमबाट पीडित बालबालिका र तिनका परिवारलाई बैकल्पिक रोजगारीको व्यवस्था गरिदिने जिम्मेवारी समेत यस क्षेत्रबाट बहन हुने अपेक्षा गरिएको छ । गुरुयोजना कार्यान्वयनमा सरकारलाई सहयोग गर्ने र बालश्रम निवारणका लागि स्थापित सञ्जाललाई सक्रिय गराउने भूमिका पनि यस क्षेत्रले खेल्नेछ ।

**च) ट्रेड युनियन**

बालश्रम निवारणमा ट्रेड युनियनहरुले खासगरी औपचारिक क्षेत्रमा बालश्रम भए नभएको पहिचान गर्ने, बालश्रम भएको भए तत्काल उद्धार र पुर्नस्थापनाका लागि सक्रिय रहने तथा बालश्रममा रहेका परिवारलाई रोजगारी प्रदान गर्न पहल गर्ने जस्ता भूमिका निर्वाह गर्नेछन् । ट्रेड युनियनले व्यवसायिक, व्यापारिक तथा औद्योगिक क्षेत्र र समाजका बीच मध्यस्थताको भूमिका प्रभावकारी रुपमा खेल्न सक्ने हुनाले उनीहरुलाई यस्तो भूमिकामा परिचालन गरिनेछ ।

## ११. सूचना सम्प्रेषण

यो गुरुयोजनाको बारेमा सर्वसाधारणलाई समेत सुसूचित गर्न, गुरुयोजना कार्यान्वयनमा संलग्न सबै पक्षलाई जिम्मेवार र जवाफदेही बनाउन तथा बालश्रम निवारणका कार्यक्रमहरुलाई सबैको जानकारीमा पुऱ्याउन सूचना सम्प्रेषणका कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिनेछ। यस अन्तर्गत सूचना सम्प्रेषण, ज्ञान व्यवस्थापन, आधारभूत तथ्याङ्क व्यवस्थापन, स्रोत केन्द्र व्यवस्थापन जस्ता कार्यक्रम तर्जुमा गरी सञ्चालन गरिनेछ ।

## १२. लैङ्गिक समानता तथा सामाजिक समावेशीता

नेपाल सरकारले अवलम्बन गरेको नीतिको आधारमा यस गुरुयोजनाले लैङ्गिक समानता तथा सामाजिक समावेशीतालाई पूर्ण रुपमा सम्मान गर्नेछ । बालश्रम निवारण गर्ने आयोजना र कार्यक्रममा यो नीतिलाई सूचकको रुपमा विकास गरी कार्यान्वयन गरिनेछ ।

## १३. स्रोत व्यवस्थापन

यस गुरुयोजनाको कार्यान्वयनका लागि आवश्यक पर्ने साधन स्रोतको व्यवस्था सम्बद्ध सबै पक्षसँग समन्वय गरी नेपाल सरकारले गर्नेछ। सो को लागि आवश्यकता अनुसार विकासका साझेदारहरुको सहयोग समेत परिचालन गर्न सक्नेछ। बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ को दफा २४ बमोजिमको बालश्रम निवारण कोषलाई समेत यस गुरुयोजना कार्यान्वयनका लागि उपयोग गर्न सकिनेछ। गुरूयोजनामा उल्लेखित कार्यक्रम एवम् क्रियाकलाप कार्यान्वयनका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका साथै विषयगत मन्त्रालयहरूले आ-आफ्नो कार्यजिम्मेवारी बमोजिम वार्षिक बजेट अनुमान पेश गर्नेछन् । सो समेतका आधारमा अर्थ मन्त्रालयले बजेट व्यवस्था गर्नेछ ।

## १४. अपेक्षित नतिजा

गुरुयोजना कार्यान्वयन भएपछि नेपाली समाजबाट सबै प्रकारका बालश्रम निवारण हुने अपेक्षा गरिएको छ । यसबाट देहाय बमोजिमको नतिजा हासिल हुने अपेक्षा गरिएको छ ।

(१) नेपालको संविधानले परिलक्षित गरेको वालश्रममुक्त समाज निर्माणका लागि बालश्रम सम्बन्धी सामाजिक संस्कारमा अनुकूल परिवर्तन आई बालबालिकालाई बालश्रममा पठाउने प्रवृत्ति अन्त्य हुनेछ ।

(२) बालश्रममा रहेका बालबालिका सामाजिक तथा आर्थिक रुपमा समाजमा एकीकरण हुनेछन् । फलस्वरुपः उनीहरु बालश्रमबाट मुक्त हुनेछन् ।

(३) बालश्रम सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता पूरा भई अन्तर्राष्ट्रिय स्तरमा नेपालको प्रतिष्ठा उँचो हुनेछ ।

४)	अन्ततः नेपाल बालश्रम निवारण भएको राष्ट्र बन्नेछ ।

## १५. सम्भाव्य जोखिम, त्यसको प्रभाव र जोखिम न्यूनीकरणको उपाय

गुरुयोजना कार्यान्वयन गर्ने क्रममा हुन सक्ने केही जोखिम अनुसूची ५ मा पहिचान गरिएको छ । उल्लिखित जोखिम न्यूनीकरण गर्न रणनीति र नतिजाको व्यावहारिकता, कार्यान्वयन संरचनाको सरलीकरण तथा जिम्मेवारी र भूमिकाको विशिष्टिकरणमा ध्यान दिइएको छ । यति हुँदा हुँदै पनि सम्भाव्य जोखिमलाई पूर्णतः नकार्न नसकिने हुँदा सम्भावित जोखिम विश्लेषण गरी न्यूनीकरणका उपायहरु पहिचान गरिएको छ । कानून निर्माण, साधन स्रोत परिचालन, सम्बद्ध संस्थागत संयन्त्रको सक्रियता र प्रभावकारिता, व्यावसायिक क्षेत्र लगायत सम्बद्ध निकायहरुको प्रतिवद्धता र क्षेत्रमा जोखिम आउन सक्ने देखिन्छ ।समयमै सम्भाव्य सामाजिक संस्कार एवम् प्रवृत्ति सुधारका जोखिम पहिचान गरी  त्यसको प्रभाव न्यूनीकरण गर्न सकिने अपेक्षा गरिएको छ ।

## १६. अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली


गुरुयोजनाको कार्यान्वयनलाई निरन्तर रुपमा अनुसूची ६ मा उल्लेख भए अनुसार अनुगमन र मूल्याङ्कन गरी प्रत्येक आर्थिक वर्षमा प्रतिवेदन तयार गर्ने व्यवस्था मिलाईनेछ ।

गुरुयोजनाको बस्तुगत अनुगमन र मूल्याङ्कन गरी प्रतिवेदन तयारी गर्ने मूल जिम्मेवारी बालश्रम निवारण समितिको हुनेछ । गुरुयोजना अन्तर्गत सञ्चालन हुने आयोजना वा कार्यक्रमहरुको आयोजना वा कार्यक्रमगत अनुगमन मूल्याङ्कनका साथै समग्र अनुगमन र मूल्याङ्कन पनि गरिनेछ । गुरुयोजनाको कार्यान्वयन संरचना तयार पार्न, आयोजना तर्जुमा गर्न र कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्न व्यवस्थित र वस्तुगत सूचकयुक्त प्रणाली स्थापना गरिनेछ। यसका लागि बालश्रम निवारण समितिले सरकारी, गैह्रसरकारी र निजी क्षेत्रको समेत सहभागिता हुने गरी अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको लागि सूचक, प्रविधि, प्रक्रिया तथा प्रतिवेदन प्रणाली उल्लेख भएको एउटा निर्देशिका तयार गर्नेछ । उक्त निर्देशिकामा बालश्रम निवारण सम्बन्धमा

नियमित अध्ययन, अनुगमन तथा अवलोकन, पुनरावलोकन तथा तेस्रो पक्षद्वारा स्वतन्त्र मूल्याङ्कन गर्ने पद्धतिको बारेमा समेत उल्लेख गरिनेछ । सोही निर्देशिका बमोजिम अनुगमन, मूल्याङ्कनका साथै आवधिक प्रतिवेदन तयार गरिनेछ ।

## अनुसूची १

# बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजनाको अवधारणागत खाका



## अनुसूची २

# बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजनाको उद्देश्य, रणनीति, नतिजा तथा अनुगमन सूचक

उद्देश्यः– नेपालबाट सबै प्रकारको बालश्रम पूर्णरुपमा निवारण गरी मुलुकलाई बालश्रमरहित बनाउनु ।

- परिमाणात्मक लक्ष्य **( Target)**

क) निकृष्ट र शोषणयुक्त बालश्रम वि.स. २०७९ सम्ममा निवारण गर्ने ।

ख) सबै प्रकारका बालश्रम वि.स. २०८२ सम्ममा निवारण गर्ने ।

| रणनीति | नतिजा | अनुगमन सूचक |
|---|---|---|
| रणनीति (१) बालश्रम निवारणसँग सम्वन्धित नीतिगत, कानूनी र संस्थागत सुधार गर्ने । | नतिजा १.१ - बालश्रम सम्बन्धी नीति र कानूनको पुनरावलोकन, संशोधन वा नयाँ नीति तर्जुमा भएको हुने । | • बालश्रम सम्बन्धी नीति तथा कानूनको संख्या । |
| | नतिजा १.२ - आवश्यक संस्थागत संरचना र मानव स्रोतसाधनको व्यवस्था भएको हुने । | • तीनवटै तहको संस्थागत संरचना, बजेट, स्रोतसाधन र जनशक्ति व्यवस्था । |
| | नतिजा १.३ - बालश्रमसँग सम्बन्धित खण्डिकृत (Disagregated) तथ्याङ्क र सूचना उपलब्ध भई प्रयोग भएको हुने । | • बालश्रम सम्बन्धी तथ्याङ्काधार । • सम्बद्ध निकायका प्रकाशित सामग्री । |


| | | |
|---|---|---|
| रणनीति (२) बालश्रम निवारणसँग सम्वद्ध सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने। | नतिजा २.१ - तीनवटै तहका सरकारी निकाय र सम्बद्ध सबै सरोकारवालाको क्षमता अभिवृद्धि भई गुरूयोजना कार्यान्वयन प्रभावकारी भएको हुने । | • तीनै तहका सरकारका बालश्रम निवारण कार्ययोजना।<br>• सम्बन्धित सरोकारवालाको बार्षिक प्रगति प्रतिवेदन |
| रणनीति (३) बालश्रममा परेका बालबालिकाको नियमित खोजी, अनुगमन, उद्धार र पुनर्स्थापना गर्ने । | नतिजा ३.१ - विभिन्न क्षेत्रमा रहेका बालश्रमिकको पहिचान र खोजी गरी उनीहरूको अवस्था एकीन भएको हुने । | • पहिचान भएका बालश्रमिकको तथ्याङ्क तथा सूचना ।<br>• अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन । |
| | नतिजा ३.२ - एकीन भएका बाल श्रमिकहरूको उद्धार गरी परिवार तथा समाजमा पुनर्स्थापना भएको हुने । | • विद्यालय प्रतिवेदन, विद्यालयमा भर्ना र टिक्ने विद्यार्थीको संख्या र प्रतिशत आदि ।<br>• परिवार र समाजमा पुर्नस्थापित बालबालिकाको संख्या |
| | नतिजा ३.३ निश्चित मापदण्डका आधारमा स्थानीय तह तथा जिल्लाहरू बालश्रम मुक्त घोषणा भएका हुने । | • बालश्रम मुक्त घोषणा सम्बन्धी राष्ट्रिय मापदण्ड।<br>• प्रदेश तथा स्थानीय तहबाट सञ्चालन भएका अनुगमन तथा निरीक्षणको संख्या र प्रतिवेदन । |

| | | |
|---|---|---|
| | | • बालश्रम मुक्त घोषणा गरिएका स्थानीय तह तथा जिल्लाहरूको संख्या । |
| | नतिजा ३.४ औपचारिक वा अनौपचारिक क्षेत्रमा नियमित अनुगमन गरी दोषीलाई कानून बमोजिम कारबाही हुने । | • अनुगमन एवम् मूल्याङ्कन प्रतिवेदन ।<br>• कारबाहीको संख्या । |
| रणनीति (४) प्रत्यक्ष लक्षित कार्यक्रम मार्फत बालश्रमको जोखिममा परेका बालबालिका तथा तिनका परिवारका लागि रोकथाममूलक कार्यक्रम र आवश्यक सहयोग उपलब्ध गराउने। | नतिजा ४.१ लक्षित परिवारमा बालश्रम निवारण सम्बन्धी सचेतना अभिवृद्धि भएको हुने । | • जनचेतना कार्यक्रमको संख्या।<br>• लाभान्वित घरपरिवारको संख्या । |
| | नतिजा ४.२ - विशेष परिस्थिति भएका बालश्रमलाई उनीहरुको आवश्यकता पहिचान गरी सोही अनुसार कार्यक्रम सञ्चालन गरेर उनीहरुको आवश्यकता पूरा गरिएको हुने । | • विशेष लक्षित कार्यक्रमहरुको संख्या ।<br>• विशेष परिस्थिति भएका बालश्रमिकहरूको संख्या । |

| | | |
|---|---|---|
| | नतिजा ४.३ - विशेष अवस्थाका बालश्रमिकहरू क्रमश घट्दै गएको हुने । | • बाल श्रमिकहरूको संख्या ।<br>• बाल श्रमिक सम्बन्धी सर्वेक्षण प्रतिवेदन । |
| | नतिजा ४.४ - बालबालिकामा बालश्रम विरूद्ध मनोविज्ञानको विकास भएको हुने । | • मनोपरामर्श सेवा प्राप्त बालबालिकाको संख्या । |
| रणनीति (५) सरोकारवालहरु बीच सहकार्य, समन्वय र सञ्जाल स्थापना एवम् सञ्चालन गर्ने। | नतिजा ५.१ - बालश्रम निवारणका लागि सक्रिय सरोकारवालाहरुको समन्वय संरचना, सन्जाल निर्माण र परिचालन भएको हुने । | • सामाजिक सन्जालसम्बन्धी सूची तथा विवरण ।<br>• मूल्याङ्कन प्रतिवेदनहरु।<br>• सञ्जाल सञ्चालन निर्देशिका । |
| | नतिजा ५.२ - सामाजिक सञ्जाल परिचालनका राष्ट्रिय मापदण्डहरु निर्धारित हुने । | • सामाजिक सञ्जाल सम्बन्धी मार्गदर्शन र कार्यबिधि ।<br>• प्रगति प्रतिवेदन ।<br>• बालश्रम सम्बन्धी समग्र प्रगति प्रतिवेदन । |
| | नतिजा ५.३ - सञ्जालका सदस्यहरुबीच सञ्चालन हुने साझेदारीका कार्यक्रमहरु पहिचान भई समन्वयात्मक तथा दोहरोपना नहुने गरी कार्यक्रम भएको सञ्चालन हुने । | • प्रतिवेदन तथा दस्तावेजहरु ।<br>• समग्र मूल्याङ्कन प्रतिवेदन । |

## अनुसूची ३

## बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजनाको कार्यान्वयन संरचना



## अनुसूची ४

## गुरुयोजना कार्यान्वयनमा सरकारी तथा गैरसरकारी निकायहरुको अपेक्षित जिम्मेवारी र भूमिका

| क्र.सं. | निकाय | अपेक्षित जिम्मेवारी र भूमिका |
|---|---|---|
| क | संघीय तह | |
| १ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | • गुरुयोजना कार्यान्वयनको अगुवाई गर्ने र समग्र जिम्मेवारी लिने ।<br>• गुरुयोजना कार्यान्वयन कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गराउने ।<br>• सरकार र साझेदारहरुसँग समन्वय गरी स्रोत व्यवस्थापन गर्ने ।<br>• बालश्रम निवारणका लागि आवश्यक कानून तथा मापदण्ड तयार गरी कार्यान्वयन गर्ने गराउने ।<br>• तीनवटै तहका सरकार तथा अन्य निकायबीच आवश्यक समन्वय गर्ने गराउने ।<br>• वि.सं. २०८२ सम्म सबै प्रकारका बालश्रम निवारण हुने सुनिश्चितता प्रदान गर्ने। |
| २ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | • गुरुयोजना अनुसार बालश्रम निवारण गर्न बालबालिका सम्बन्धी ऐन, नियम, नीति र कार्यक्रमहरुलाई पुनरावलोकन गर्ने ।<br>• बालबालिका केन्द्रीत कार्यक्रम तर्जुमा गर्दा बालश्रम निवारणलाई प्राथमिकता दिने ।<br>• बालश्रम निवारण सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न सक्रियता देखाउने ।<br>• मन्त्रालय अन्तर्गतका निकायहरुलाई बालश्रम निवारणका लागि प्रेरित गर्ने ।<br>• जिल्ला बालकल्याण समितिलाई बालश्रम निवारणका लागि परिचालन गर्ने । |
| ३ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | • बालश्रममा परेका सबै बालबालिकालाई विद्यालय भर्ना गराई पढाईमा निरन्तरता दिने गरी कार्यक्रम सञ्चालन गर्ने ।<br>• अनिवार्य एवम् नि:शुल्क शिक्षा सम्बन्धी मौलिक हकलाई कार्यान्वयन गर्ने र सबै बालबालिका विद्यालयमा जाने वातावरण सिर्जना गर्ने । |

| | | |
|---|---|---|
| | | • बालश्रमिक एवम् बालश्रमको जोखिममा परेका बालबालिकालाई लक्षित गरी विशेष छात्रबृत्ति कार्यक्रम सञ्चालन गर्ने ।<br>• उमेर र क्षमता अनुसार बालश्रममा संलग्न बालबालिकालाई आवश्यकतानुसार अनौपचारिक शिक्षा तथा सीपमूलक तालिम उपलब्ध गराउने । |
| ४ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | • स्थानीय विकास सम्बन्धी नीति, योजना र कार्यक्रम तर्जुमा र कार्यान्वयनका सन्दर्भमा समन्वय गर्दा बालश्रम निवारण गर्ने उद्देश्यलाई सहयोग पुऱ्याउने।<br>• बालश्रममा संलग्न बालबालिका र जोखिममा रहेका बालबालिकाका परिवार र बालश्रम जोखिमयुक्त समुदायमा लक्षित कार्यक्रम सञ्चालन गर्ने गराउने ।<br>• बालश्रम जोखिमयुक्त समुदायका अभिभावकहरुलाई मर्यादित रोजगारी सिर्जना गर्न उत्प्रेरित गर्ने ।<br>• स्थानीय तहलाई बालमैत्री बनाउन पहल गर्ने ।<br>• स्थानीय तहमा बालश्रम निवारणसम्बन्धी आचारसंहिता वा यस्तै अन्य उपाय अवलम्बन गर्न गराउन आवश्यक समन्वय गर्ने गराउने । |
| ५ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | • बाल श्रमिकको पुनर्स्थापनाका लागि सहजीकरण गर्न स्वास्थ्य सेवामा सहज पहुँच सुनिश्चित गर्ने गराउने।<br>• व्यवसायिक यौनजन्य शोषणमा परेका बालबालिकाहरुलाई आवश्यक सेवा एवम् सहयोग उपलब्ध गराउने ।<br>• बालश्रममा परेका बालबालिकालाई उनीहरुको आवश्यकता अनुसार स्वास्थ्य सेवा प्रदान गर्ने । |
| ६ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | • बालश्रम निवारण सम्बन्धी सवालहरुमा सूचना सम्प्रेषण गर्न प्राथमिकता दिने ।<br>• जनचेतना अभिवृद्धि गर्न र व्यवहारगत परिवर्तन ल्याउन संचार क्षेत्रसँग सहकार्य गर्ने ।<br>• सञ्चार नीतिमा बालश्रम निवारणको प्रावधान राख्ने । |
| ७ | परराष्ट्र मन्त्रालय | • बेचविखन तथा ओसारपसारमा परेका बालबालिकाहरुलाई पुनर्स्थापना गर्न र कानूनी सवाल, अभिलेखन र आवश्यकतानुसार क्षतिपूर्ति सम्बन्धी बिषयहरु सम्बोधन गर्न |

| | | |
|---|---|---|
| | | विदेशस्थित सम्बन्धित नेपाली नियोगहरूलाई परिचालन गर्ने ।<br>• बालश्रमसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धी सम्झौता कार्यान्वयनका लागि आवश्यक समन्वय गर्ने । |
| ८ | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय | • बालश्रममा परेका बालबालिकाका परिवारका समस्या न्यूनीकरण गर्न प्राथमिकता दिने ।<br>• कृषि क्षेत्रलाई बालश्रमरहित बनाउन आवश्यक कार्य गर्ने । |
| ९ | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय | • बाध्यकारी श्रममा रहेका बालबालिका र तिनका परिवार लक्षित कार्यक्रम सञ्चालन गर्ने गराउने ।<br>• गरिवी निवारण लक्षित कार्यक्रममा बालश्रम सम्बन्धी कार्यक्रममा आवद्ध गर्ने ।<br>• बालश्रम निवारणको लागि प्रतिवद्ध भई सो का लागि सहयोग पुग्ने गरी कार्यक्रम तर्जुमा र सञ्चालन गर्ने । |
| १० | राष्ट्रिय योजना आयोग | • आवधिक तथा बार्षिक कार्यक्रममा बालश्रम निवारण सम्बन्धी पर्याप्त कार्यक्रम समावेश गर्ने ।<br>• गुरुयोजनाको अवधिभर बालश्रम निवारणका लागि स्वीकृत भएका कार्यक्रम, तिनको स्थिति र उपलब्धी सहितको बार्षिक प्रतिवेदन तयार गर्ने गराउने।<br>• योजना तथा कार्यक्रमको मार्गदर्शनमा बालश्रम निवारणको प्रावधान राख्ने ।<br>• नेपालमा बालश्रमको अवस्था बारे सम्बन्धित निकायसँग समन्वय गरी अद्यावधिक तथ्याङ्क संकलन तथा प्रकाशन गर्ने । |
| ११ | राष्ट्रिय मानव अधिकार आयोग | • बालबालिकाकाको अधिकार संरक्षण र बालश्रमका मामिलाहरुलाई प्राथमिकता दिने र बार्षिक प्रतिवेदनमा समावेश गर्ने । |
| १२ | नेपाल प्रहरी | • बेचविखन तथा ओसारपसारमा परेका बालबालिका र बालश्रमका मुद्दाहरुको प्रभावकारी अनुसन्धान गर्ने ।<br>• बालश्रममा परेका बालबालिकाहरुको उद्धार गरी अभियोजनको लागि पठाउने ।<br>• बेचविखन तथा ओसारपसारमा परेका वा अन्य कारणले व्यवसायिक यौन शोषणमा परेका बालबालिकालाई उद्धार |

| | | |
|---|---|---|
| | | गरी उपयुक्त हेरविचार सहित सम्बन्धित निकायमा पठाउने ।<br>• नेपाल प्रहरीको सचेतना सम्बन्धी कार्यक्रममा बालश्रम निवारणका कार्यक्रम समावेश गर्ने। |
| १३ | जिल्ला प्रशासन कार्यालय | • बालश्रम सम्बन्धी कसूरको अनुसन्धान र अभियोजन गर्ने जिम्मेवारी भएका सरकारी निकायहरुबीच समन्वय गर्ने ।<br>• बालश्रम निवारणका लागि न्यायालयबाट दिईएको आदेश कार्यान्वय गर्ने गराउने।<br>• बालश्रम निवारण सम्बन्धी अन्य कार्य गर्ने । |
| १४ | केन्द्रीय बाल कल्याण समिति | • बालबालिकालाई बालश्रममा प्रबेश गर्नबाट रोक लगाउन बालसंरक्षण प्रणालीलाई सुदृढ वनाउने गरी संस्थागत क्षमता विकास गर्ने गराउने ।<br>• बालबालिका सम्बन्धी संरक्षण, विकास र कल्याणकारी कार्यक्रम कार्यान्वयन गर्ने गराउने। |
| **ख. प्रदेश तह** | | |
| १५ | प्रदेश सरकार | • नेपाल सरकारले तर्जुमा गरेको राष्ट्रिय नीति, कानून तथा मापदण्डको आधारमा स्थानीय तहसँग समन्वय गरी प्रदेशस्तरीय नीति, रणनीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने ।<br>• प्रदेशस्तरीय सरकारी तथा गैरसरकारी कार्यालयहरुबाट सञ्चालन भएका कार्यक्रमहरुको समन्वय गर्ने ।<br>• प्रदेशमा भएका स्रोतसाधन तथा विशेषज्ञता परिचालन गर्ने ।<br>• बालश्रम निवारणका लागि आवश्यक सञ्जाल निर्माण गरी क्रियाशील बनाउने । |
| १६ | प्रादेशिक कार्यालयहरु | • बालश्रम निवरणका कार्यक्रम सञ्चालन गर्ने ।<br>• बालश्रमसम्बन्धी नियम कानूनको नियमन गर्ने । |
| १७ | प्रदेश संरचना तथा प्रदेश स्तरीय अन्य संस्थाहरु | • प्रदेश स्तरीय सामाजिक, राजनीतिक तथा निजी क्षेत्रले बालश्रम निवारणका काममा सघाउ पुर्याउने ।<br>• प्रदेश स्तरीय नागरिक समाज, सञ्चार क्षेत्र, निजी क्षेत्र लगायत सबै क्षेत्रले बालश्रम निवारण गर्ने लक्ष्यलाई आत्मसात गरी आफ्ना काम, कारोबार र व्यवसाय |

| | | |
|---|---|---|
| ग. | **जिल्ला/ स्थानीय तह** | |
| १८ | जिल्ला समन्वय समिति | • बालश्रम निवारण सम्बन्धी कार्यक्रमको समन्वय गर्ने ।<br>• स्थानीय तहमा बालश्रम निवारण सम्बन्धी क्रियाकलाप सञ्चालन गर्न आवश्यक सहजीकरण गर्ने । |
| १९ | श्रम तथा रोजगार कार्यालय | • कार्यस्थल अनुगमन र निरीक्षण गर्ने ।<br>• बालश्रम सम्बन्धी मुद्दाहरुको अनुसन्धान गरी अभियोजनको लागि पठाउने ।<br>• प्रचलित कानून बमोजिम अन्य कार्य गर्ने । |
| २० | जिल्ला बालकल्याण समिति | • जिल्ला तहमा बालश्रम न्यूनीकरण गर्ने उपायहरु पहिचान गरी आवश्यक समन्वय गर्ने।<br>• बालश्रम सम्बन्धी तथ्याङ्क नियमित रुपमा सम्बन्धित निकायमा पठाउने । |
| २१ | गाउँपालिका तथा नगरपालिका | • गाउँ तथा नगर क्षेत्रमा भएका बालश्रम पहिचान र पुनस्थापनाका लागि सहयोग गर्ने ।<br>• जोखिममा परेका बालबालिकालाई उद्धार गर्न पहल गर्ने ।<br>• बालश्रम निवारणका लागि गाउँ र नगरस्तरीय चेतनामूलक अभियान चलाउने र प्रचारप्रसार गर्ने।<br>• बालश्रमसम्बन्धी तथ्याङ्क अद्यावधिक गरी राख्ने ।<br>• गाउँपालिका तथा नगरपालिकालाई बालश्रममुक्त क्षेत्र घोषणा गर्ने । |
| घ. | **नागरिक समाज तथा गैर–सरकारी क्षेत्र** | |
| २२ | राष्ट्रिय तथा स्थानीय सञ्चार माध्यम | • बालश्रम निवारणका लागि नियमित रुपमा सूचना प्रवाह गर्ने ।<br>• समाचार वा सूचना सम्प्रेषण गर्दा बालश्रम निवारणलाई प्राथमिकता दिने ।<br>• सार्वजनिक हित अन्तर्गत बालश्रम निवारण सम्बन्धी सूचना प्रसारण गर्ने । |
| २३ | गैर–सरकारी संस्थाहरु | • गुरुयोजनाको कार्यान्वयनका लागि सरकारसँग सहकार्य गर्ने ।<br>• बालश्रम निवारणका लागि सामाजिक परिचालन गर्ने । |

| | | |
|---|---|---|
| | | • बालश्रम पहिचान, उद्धार, पुर्नस्थापन जस्ता काममा सघाउ पुऱ्याउने ।<br>• आश्रय स्थल, कानूनी सेवा जस्ता आधारभूत सेवाहरु प्रवाह गर्न सहजीकरण गर्ने । |
| २४ | नागरिक समाज | • बालअधिकार संरक्षण एवम् बालश्रम निवारणका लागि सामाजिक जागरण ल्याई समुदायमा बालश्रम विरुद्ध अभिमत सिर्जना गर्ने ।<br>• बालश्रमसँग सम्बन्धित सवालहरू सरकारी निकायसम्म पुऱ्याउने ।<br>• बालश्रम विरुद्ध साझा अवधारणा निर्माण र प्रसारमा अगुवाइ गर्ने ।<br>• सरकार, राज्य र समाजलाई बालश्रम विरुद्ध प्रबुद्ध राय सुझाव प्रदान गर्ने र उपयुक्त दबाब सिर्जना गर्ने ।<br>• वालश्रम सम्बन्धी कानून सुधारका लागि पक्षपोषण, सूचना प्रवाह<br>गर्ने ।<br>• बालश्रमिक एवम् जोखिममा रहेका बालबालिका पहिचान गरी<br>कानूनी सहायता प्रदान गर्न पहल गर्ने । |
| २५ | बाल अधिकार संरक्षण सम्बन्धी अन्य संयन्त्र | • विभिन्न क्षेत्रमा जोखिममा रहेका बालबालिकाको संरक्षणका लागि सरकार र सम्बन्धित निकायलाई सहयोग गर्ने तथा तोकिएको मापदण्डको अधीनमा रही बालबालिकाको निगरानी गर्ने।<br>• बालश्रममा रहेका बालबालिका पहिचान गर्ने र तिनीहरुको पुनर्स्थापनाका लागि सम्बन्धित निकायमा पहल गर्ने ।<br>• बालबालिकाको मनोबल बढाउन र उनीहरुको मानसिक अवस्था सुदृढ राख्न उनीहरुलाई आवश्यक परामर्श दिने ।<br>• सरकारी निकाय र अन्य संयन्त्रसँग सहकार्य एवम् सहयोग गर्ने। |
| **ङ** | **व्यावसायिक तथा निजी क्षेत्र** | |
| २६ | निजी वा व्यावसायिक क्षेत्र (रोजगारदाता) | • बालश्रम नराख्ने र उपभोग नगर्ने प्रतिवद्धता सार्वजनिक रुपमा जनाउने ।<br>• बालश्रम राखिएको भए उचित रुपमा समाजमा पुनस्थापना |

| | | |
|---|---|---|
| | | • बालश्रमबाट पीडितहरुलाई रोजगारी र जीवनयापनका विकल्पहरु प्रदान गर्ने ।<br>• गुरुयोजना कार्यान्वयनमा सघाउ पुर्याउने ।<br>• बालश्रम निवारणसम्बन्धी नीति, ऐन, कानून एव मापदण्ड पूर्ण पालना गर्ने र आफ्ना क्षेत्रका सदस्यहरुलाई पालना गर्ने गराउने ।<br>• बालश्रम निवारण बारे समाजमा सचेतना अभिवृद्धि गर्न प्राज्ञिक र व्यावसायिक उपायहरु अवलम्बन गर्ने । |
| २७ | ट्रेड युनियन | • बालश्रम निवारण गर्न युनियनका सदस्यहरु परिचालन गर्ने ।<br>• बालश्रममा नलगाउने र लगाएको भए पुर्नस्थापना गर्न सघाउने । |
| २८ | प्राज्ञिक क्षेत्र (विश्वविद्यालय, कलेज, विद्यालय आदि) | • बालश्रम निवारणका लागि ज्ञान तथा सचेतना अभिवृद्धि गर्न अध्ययन अनुसन्धान गर्ने ।<br>• शैक्षिक पाठ्क्रममा बालश्रम निवारण सम्बन्धी विषयहरु समावेश गर्न पहल गर्ने । |
| **च** | **समाज** | |
| २९ | बाल क्लब | • बालश्रम निवारणका लागि घर, परिवार र समुदायमा सचेतना अभिबृद्धि गर्ने र दौंतरीलाई बालश्रम हुनबाट जोगाउन उत्प्रेरित र सजग बनाउने ।<br>• बालश्रम विरुद्धको संबैधानिक अधिकार प्रति सचेत गराउन आफ्नो पहुँचका बालबालिकालाई सु-सूचित गर्ने ।<br>• आफ्ना क्षेत्रमा कसैले बालश्रमिक राखेको पाइएमा वा कुनै बालबालिका बालश्रमको जोखिममा भएको पाइएमा सम्बन्धित निकायलाई जानकारी गराउने । |
| ३० | समाज र सामाजिक संस्थाहरु | • बालश्रमलाई सामाजिक अपराध र मानवीय शोषणको रुपमा हेर्ने संस्कारको विकास गर्ने।<br>• सरकारी र गैर सरकारी निकायबाट बालश्रम निवारणका कार्यक्रम सञ्चालन गर्न सहयोग पु्र्याउने ।<br>• बालश्रमको जोखिममा रहेका घरपरिवारलाई सम्झाउने र आवश्यकता अनुसार सम्बन्धित निकायको सम्पर्कमा पु्र्याउने । |

| | | |
|---|---|---|
| | | • समाजको कुनै पनि घर, परिवार, समुदायले बालश्रम नराख्ने, राखेको भए उचित रुपमा व्यवस्थापन गरी उनीहरुलाई समाजमा एकीकरण गर्ने । |

## अनुसूची ५

## सम्भावित जोखिम, प्रभाव र जोखिम न्यूनीकरणका उपाय

| क.सं. | कार्यान्वयन जोखिम | सम्भावना | प्रभाव | न्यूनीकरणका उपाय |
|---|---|---|---|---|
| १ | बालश्रम निवारण सम्बन्धी कानून तर्जुमा एवम् संशोधन गर्ने विषयले उच्च प्राथमिकता पाउन नसक्ने अवस्था । | न्यून | उच्च | – समयमै कानून तर्जुमा वा संशोधनका लागि आवश्यक समन्वय गर्ने। |
| २ | बालश्रम निवारण समितिको सक्रियता अपेक्षा गरिए बमोजिम नहुन सक्ने । | न्यून | उच्च | – कानूनमा व्यवस्था भएबमोजिम नियमित बैठक सञ्चालन गरी सम्बद्ध निकायको कार्यजिम्मेवारी अनुसार कार्यक्रम सञ्चालनका साथैं आवश्यकता अनुसार उपसमिति गठन गरी क्रियाशील गराउने। |
| ३ | गुरुयोजना कार्यान्वयनका लागि आवश्यक स्रोत अपेक्षित रूपमा उपलब्ध नहुन सक्ने । | मध्यम | उच्च | – श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगसँग छलफल र सहकार्य गरेर पर्याप्त साधन स्रोत जुटाउने । <br> – बहुबर्षीय आयोजनाको रुपमा कार्यक्रम तय गरी स्रोत प्राप्त गर्ने । |

# बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६

लालमोहर र प्रकाशित मिति

२०५७।३।७

| संशोधन गर्ने ऐन | | प्रमाणीकरण र प्रकाशन मिति |
|---|---|---|
| १. | गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ Δ | २०६६।१०।०७ |
| २. | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |
| ३. | केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ | २०७४।६।३० |
| ४. | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ | २०७५।११।१९ |

**२०५७ सालको ऐन नं. १**

▶▶............

**बाल श्रम (निषेध र नियमित गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

प्रस्तावनाः बालकलाई कल कारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन निषेध गर्न तथा बालकलाई अन्य काममा लगाउँदा उनीहरूको स्वास्थ्य, सुरक्षा तथा सेवा र सुविधाका सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको उनन्तीसौं वर्षमा संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६" रहेको छ ।

(२) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको

---

Δ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

▶▶गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

मितिदेखि प्रारम्भ हुनेछ । ●

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "बालक" भन्नाले ☑अठार वर्ष उमेर पूरा नगरेको बालबालिका सम्झनु पर्छ ।

↔ (ख) "प्रतिष्ठान" भन्नाले श्रम ऐन, २०७४ को दफा २ को खण्ड (त्र) बमोजिमको प्रतिष्ठान सम्झनु पर्छ ।

↔ (ग) "व्यवस्थापक" भन्नाले श्रम ऐन, २०७४ को दफा २ को खण्ड (द) बमोजिमको व्यवस्थापक सम्झनु पर्छ ।

(घ) "दिन" भन्नाले मध्यरातबाट शुरू हुने चौबीस घण्टाको अवधि सम्झनु पर्छ ।

(ङ) "सप्ताह" भन्नाले शनिवारको मध्यरात वा श्रम विभागले तोकेको अरू कुनै दिनको मध्यरातदेखि शुरू हुने सात दिनको अवधि सम्झनु पर्छ ।

(च) "चिकित्सक" भन्नाले श्रम विभागले तोकिदिएको चिकित्सक सम्झनु पर्छ ।

(छ) "योग्यताको प्रमाणपत्र" भन्नाले दफा ७ को उपदफा (४) बमोजिम दिइएको प्रमाणपत्र सम्झनु पर्छ ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

↕ (झ) "श्रम कार्यालय" भन्नाले श्रम ऐन, २०७४ को दफा २ को खण्ड (घ) बमोजिमको कार्यालय सम्झनु पर्छ ।

## परिच्छेद -२

## बालकलाई काममा लगाउन निषेध

**३. बालकलाई काममा लगाउन नहुने:** (१) कसैले पनि चौध वर्ष उमेर पूरा नगरेका

● यो ऐन मिति २०६१।८।१ देखि प्रारम्भ हुने गरी तोकिएको (नेपाल राजपत्र २०६१।७।३०) ।

☑ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधित ।

↔ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

↕ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा थप ।

बालकलाई श्रमिकको रूपमा काममा लगाउनु हुँदैन ।

(२) कसैले बालकलाई अनुसूचीमा उल्लिखित जोखिमपूर्ण व्यवसाय वा काममा लगाउनु हुँदैन ।

४. **बालकलाई इच्छा विरूद्ध काममा लगाउन नहुने:** कसैले पनि बालकलाई ललाई, फकाई वा झुक्याएर वा कुनै प्रलोभनमा वा डर, त्रास वा दवाबमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छा विरूद्ध श्रमिकको रूपमा काममा लगाउनु हुँदैन ।

## परिच्छेद -३

## बालकलाई काममा लगाउने सम्बन्धी व्यवस्था

५. **सूचना दिनु पर्ने:** (१) यो ऐन प्रारम्भ हुँदाका बखत अनुसूचीमा उल्लिखित जोखिमपूर्ण व्यवसाय वा कार्य सञ्चालन गरिरहेका व्यवस्थापकले यो ऐन प्रारम्भ भएको मितिले तीस दिनभित्र श्रम कार्यालयलाई देहायका विवरणहरू खुलाई लिखित सूचना दिनु पर्नेछ:-

(क) प्रतिष्ठानको नाम र ठेगाना,

(ख) व्यवस्थापकको नाम र ठेगाना,

(ग) प्रतिष्ठानद्वारा सञ्चालित व्यवसाय वा कार्यको प्रकृति, र

(घ) तोकिए बमोजिमका अन्य विवरणहरू ।

(२) यो ऐन प्रारम्भ भएपछि अनुसूचीमा उल्लिखित जोखिमपूर्ण व्यवसाय वा कार्य सञ्चालन गर्ने व्यवस्थापकले त्यस्तो व्यवसाय वा कार्य सञ्चालन गरेको मितिले पन्ध्र दिनभित्र श्रम कार्यालयलाई उपदफा (१) बमोजिम सूचना दिनु पर्नेछ ।

६. **स्वीकृति लिनु पर्ने:** (१) कुनै प्रतिष्ठानले बालकलाई काममा लगाउनु परेमा सम्बन्धित श्रम कार्यालय वा सो कार्यालयले तोकेको अन्य कुनै निकाय वा अधिकारी र बालकको बाबु, आमा वा संरक्षकको स्वीकृति लिनु पर्नेछ ।

तर नेपाल सरकारबाट स्वीकृति प्राप्त शिक्षण संस्था वा बालकको हक र हितको संरक्षणको निमित्त कार्यरत प्रचलित कानून बमोजिम स्थापित संस्थाद्वारा बालकको बृहत हितको निमित्त आयोजना गरिने काममा वा सांस्कृतिक कार्यक्रममा लगाउन यस दफा बमोजिम स्वीकृति लिनु पर्ने छैन ।

(२) उपदफा (१) बमोजिम बालकलाई काममा लगाउने स्वीकृति दिंदा श्रम कार्यालयले सम्बन्धित प्रतिष्ठानलाई बालकको शीप र योग्यताको विकास गर्ने तथा शिक्षा प्रदान गर्ने उद्देश्यले उपयुक्त शर्तहरू लगाउन सक्नेछ र प्रतिष्ठानले यसको पालना गर्नु पर्नेछ ।

७. **योग्यताको प्रमाणपत्र लिनु पर्नेः** (१) प्रतिष्ठानले बालकलाई श्रमिकको रूपमा काममा लगाउनु अघि त्यस्तो बालकले श्रमिकको रूपमा काम गर्न सक्ने योग्यताको प्रमाणपत्र लिनु पर्नेछ ।

(२) प्रतिष्ठानले उपदफा (१) बमोजिम योग्यताको प्रमाणपत्र लिन त्यस्तो बालकले गर्नु पर्ने कामको प्रकृति र उमेर समेत उल्लेख गरी श्रम कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन प्राप्त भएपछि श्रम कार्यालयले चिकित्सकद्वारा त्यस्तो बालकको स्वास्थ्य परीक्षण गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम चिकित्सकद्वारा बालकको स्वास्थ्य परीक्षण गराउँदा त्यस्तो बालक काम गर्न योग्य देखिएमा चिकित्सकले तोकिएको ढाँचामा योग्यताको प्रमाणपत्र दिनेछ ।

(५) उपदफा (४) बमोजिम दिइएको योग्यताको प्रमाणपत्र एक वर्ष बहाल रहनेछ ।

(६) उपदफा (५) बमोजिम दिइएको योग्यताको प्रमाणपत्र सम्बन्धित प्रतिष्ठानले चिकित्सकद्वारा नवीकरण गराउनु पर्नेछ ।

(७) योग्यताको प्रमाणपत्र लिंदा र नवीकरण गर्दा लाग्ने दस्तूर सम्बन्धित प्रतिष्ठानले नै व्यहोर्नु पर्नेछ ।

(८) यो ऐन प्रारम्भ हुँदाका बखत चौध वर्ष उमेर पूरा भएका बालकलाई काममा लगाएको प्रतिष्ठानले यो ऐन प्रारम्भ भएको मितिले तीस दिनभित्र योग्यताको प्रमाणपत्र लिई सक्नु पर्नेछ ।

८. **विवरण दिनु पर्नेः** (१) यो ऐन प्रारम्भ भएपछि बालकलाई काममा लगाउने प्रतिष्ठानले काममा लगाएको मितिले पन्ध्र दिनभित्र त्यस्तो बालकको फोटो सहित देहायका कुराहरू खुलाइएको विवरण श्रम कार्यालयमा पेश गर्नु पर्नेछः-

(क) प्रतिष्ठानको नाम र ठेगाना,

(ख) व्यवस्थापकको नाम र ठेगाना,

(ग) प्रतिष्ठान सञ्चालन भएको मिति,

(घ) प्रतिष्ठानद्वारा सञ्चालित व्यवसाय वा कार्य,

(ब) बालकको नाम, ठेगाना र उमेर,

(च) बालकको बाबु, आमा वा संरक्षकको नाम र ठेगाना,

(छ) बालकलाई काममा लगाइएको मिति,

(ज) बालकले गर्नु पर्ने कामको प्रकृति,

(झ) बालकले पाउने पारिश्रमिकको रकम तथा अन्य सुविधाहरू,

(ञ) बालकको योग्यताको प्रमाणपत्र, र

(ट) तोकिए बमोजिमका अन्य विवरणहरू ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत चौध वर्ष उमेर पूरा गरेको बालकलाई काममा लगाई राखेको प्रतिष्ठानले यो ऐन प्रारम्भ भएको मितिले तीस दिनभित्र उपदफा (१) बमोजिमको विवरण श्रम कार्यालयमा पेश गर्नु पर्नेछ ।

९. **काममा लगाउने समयः** (१) बालकलाई बेलुका छ बजेपछि बिहान छ बजेसम्मको अवधिभर काममा लगाउनु हुँदैन ।

(२) बालकलाई काममा लगाउँदा दिनमा छ घण्टा र एक सप्ताहमा छत्तिस घण्टाभन्दा बढी अतिरिक्त पारिश्रमिक दिई वा नदिई काममा लगाउनु हुँदैन ।

(३) बालकलाई प्रत्येक दिन लगातार तीन घण्टा काम गरेपछि आधा घण्टा आराम गर्ने समय र प्रत्येक सप्ताहमा एक दिनको बिदा दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम दिइएको प्रत्येक दिनको आधा घण्टाको आराम गर्ने समय र प्रत्येक सप्ताहको एक दिनको बिदा काम गरेको अवधि मानिनेछ ।

(५) एकै दिन एउटा प्रतिष्ठानमा काम गरिसकेको बालकलाई सोही दिन पुनः अर्को प्रतिष्ठानमा काममा लगाउनु हुँदैन ।

१०. **पारिश्रमिक र सुविधाः** (१) प्रतिष्ठानले श्रमिकको रूपमा काम गर्ने बालकलाई

लिङ्ग वर्ण, धर्म वा जात जातीको आधारमा कुनै भेदभाव नगरी समान कामको लागि समान पारिश्रमिक र सुविधा दिनु पर्नेछ ।

(२) प्रतिष्ठानमा काम गर्ने बालकले पाउने पारिश्रमिक, भत्ता, बिदा र अन्य सुविधा तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम तोकिएको पारिश्रमिक र सुविधाभन्दा कम पारिश्रमिक र सुविधा दिने गरी व्यवस्थापकले बालकलाई प्रतिष्ठानमा काममा लगाउनु हुँदैन ।

**११. बालकको स्वास्थ्य र सुरक्षा सम्बन्धी व्यवस्था:** प्रतिष्ठानमा काम गर्ने बालकको स्वास्थ्य र सुरक्षाका सम्बन्धमा व्यवस्थापकले अपनाउनु पर्ने व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१२. उमेर सम्बन्धी विवाद:** (१) प्रतिष्ठानमा काम गर्ने कुनै बालकको उमेर सम्बन्धी विवाद परेमा त्यस्तो बालकको जन्म दर्ता प्रमाणपत्रमा उल्लिखित जन्म मिति अनुसारको उमेर नै निजको वास्तविक उमेर मानिनेछ ।

(२) कुनै बालकको जन्म दर्ता प्रमाणपत्र नभएमा चिकित्सकद्वारा स्वास्थ्य परीक्षण गराई निश्चित गरिएको उमेर नै निजको वास्तविक उमेर मानिनेछ ।

**१३. दर्ता किताब राख्नु पर्ने:** (१) प्रतिष्ठानमा काममा लगाउने बालकको सम्बन्धमा व्यवस्थापकले देहायका कुराहरू खुलाई एउटा दर्ता किताब राख्नु पर्नेछः-

(क) बालकको नाम र ठेगाना,

(ख) बाबु, आमा वा संरक्षकको नाम र ठेगाना,

(ग) जन्म मिति वा उमेर,

(घ) काममा लगाएको मिति,

(ब) कामको प्रकृति,

(च) काम गर्नु पर्ने समय,

(छ) आराम गर्ने समय,

(ज) पारिश्रमिक तथा अन्य सुविधाहरू, र

(झ) तोकिए बमोजिमको अन्य कुराहरू ।

(२) उपदफा (१) बमोजिमको दर्ता किताब श्रम कार्यालयबाट खटी आएको कर्मचारीले मागेको बखत प्रतिष्ठानले हेर्न दिनु पर्नेछ ।

**१४. सूचना टाँस्नु पर्नेः** व्यवस्थापकले बालकलाई लगाउन नहुने काम, बालकले पाउने पारिश्रमिक, सुविधा तथा साप्ताहिक बिदाको दिन र बालकलाई यस ऐन विपरीत काममा लगाएमा हुने सजाय सम्बन्धी कुराहरू प्रतिष्ठानको सूचना पाटीमा अनिवार्य रूपमा टाँस्नु पर्नेछ ।

## परिच्छेद -४
## निरीक्षण सम्बन्धी व्यवस्था

**१५. निरीक्षण तथा कारबाहीः** (१) श्रम कार्यालयले समय समयमा कुनै कर्मचारीलाई बालकलाई काममा लगाउने प्रतिष्ठानको निरीक्षण गर्न खटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खटिएको कर्मचारीलाई व्यवस्थापकले जुनसुकै समयमा प्रतिष्ठानमा प्रवेश गर्न र आवश्यक निरीक्षण गर्न दिनु पर्नेछ । यसरी निरीक्षण गर्न खटिएको कर्मचारीले हेर्न र बुझ्न चाहेको कुरा व्यवस्थापकले उपलब्ध गराउनु पर्नेछ ।

**१६. कामबाट हटाउनेः** (१) दफा १५ बमोजिम प्रतिष्ठानको निरीक्षण गर्दा दफा ३ वा ४ विपरीत बालकलाई कुनै प्रतिष्ठानमा काममा लगाइएको पाइएमा निरीक्षण गर्ने कर्मचारीले यथाशीघ्र त्यस्तो बालकलाई निजको बाबु, आमा वा संरक्षकको जिम्मा लगाउने र बालकलाई कामबाट हटाउन व्यवस्थापकलाई आदेश दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बालकको बाबु, आमा वा संरक्षक नभएमा वा पत्ता नलागेमा त्यस्तो बालकलाई व्यवस्थापकले कुनै बाल कल्याण गृह वा बालकलाई हेरचाह गर्ने कुनै संस्थामा राखिदिनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम बालकलाई निजको बाबु, आमा वा संरक्षकको जिम्मा लगाउँदा लाग्ने खर्च वा बाल कल्याण गृह बालकलाई हेरचाह गर्ने संस्थामा राख्दा त्यस्तो बाल कल्याण गृह वा संस्थाको नियमानुसार लाग्ने खर्च प्रतिष्ठानले व्यहोर्नु पर्नेछ ।

**१७. निरीक्षण प्रतिवेदनः** (१) दफा १५ बमोजिम निरीक्षण गर्ने कर्मचारीले कुनै प्रतिष्ठानमा यस ऐन विपरीत बालकलाई काममा लगाइएको वा काममा लगाइएका बालकको स्वास्थ्य र सुरक्षाको लागि गर्नु पर्ने व्यवस्था लगायत यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम गर्नु पर्ने अन्य सबै व्यवस्थाहरू गरेको छ वा छैन यथार्थ विवरण खुलाई निरीक्षण

समाप्त भएको मितिले पन्ध्र दिनभित्र श्रम कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ । यसरी खटिएको कर्मचारीले यस दफा बमोजिमको आदेश अनुरूपको कार्य गरे नगरेको तथा दिइएको प्रतिवेदन यथार्थ भए नभएको सम्बन्धमा श्रम कार्यालयले तोकिए बमोजिम जाँच गर्न सक्नेछ र अन्यथा देखिएमा कानून बमोजिम कारबाही हुनेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको प्रतिवेदन अनुसार कुनै प्रतिष्ठानमा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम गर्नु पर्ने कुनै व्यवस्था नगरेको पाइएमा श्रम कार्यालयले यथाशीघ्र त्यस्तो व्यवस्था गर्न मनासिब म्याद तोकी व्यवस्थापकलाई आदेश दिनेछ ।

(३) उपदफा (२) बमोजिम श्रम कार्यालयले दिएको म्यादभित्र व्यवस्थापकले आदेश बमोजिमको व्यवस्था मिलाउनु पर्नेछ ।

**१८. सुविधा रोक्का राख्नेः** (१) दफा १७ बमोजिम श्रम कार्यालयले दिएको आदेश बमोजिम सम्बन्धित प्रतिष्ठानले आवश्यक व्यवस्था नगरेमा श्रम कार्यालयले त्यस्तो प्रतिष्ठानलाई प्रचलित कानून बमोजिम दिइने सुविधा तोकिएको अवधिसम्मको लागि रोक्का गर्न सम्बन्धित निकायलाई लेखी पठाउनु पर्नेछ ।

(२) कुनै प्रतिष्ठानको सम्बन्धमा श्रम कार्यालयबाट उपदफा (१) बमोजिम लेखी आएमा सम्बन्धित निकायले त्यस्तो प्रतिष्ठानले पाउने सुविधा रोक्का गरी त्यसको जानकारी श्रम कार्यालयलाई दिनु पर्नेछ ।

## परिच्छेद-५

## दण्ड सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

**१९. दण्ड सजायः** (१) कसैले दफा ३ को उपदफा (१) विपरीत काम गरेमा निजलाई तीन महीनासम्म कैद वा दश हजार रूपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

(२) कसैले दफा ३ को उपदफा (२) र दफा ४ विपरीत काम गरेमा निजलाई एक वर्षसम्म कैद वा पचास हजार रूपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

(३) कुनै व्यवस्थापकले दफा ६, ७, ९, १० वा ११ विपरीत कुनै काम गरेमा निजलाई दुई महीनासम्म कैद वा पाँच हजार रूपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

(४) कुनै व्यवस्थापकले दफा ५, १३ वा १४ विपरीत कुनै काम गरेमा निजलाई एक महीनासम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

(५) कसैले उपदफा (१), (२), (३) र (४) मा लेखिएदेखि बाहेक यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा निजलाई पन्ध्र दिनसम्म कैद वा एक हजार रूपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

(६) कसैले उपदफा (१), (२), (३), (४) वा (५) बमोजिम एक पटक सजाय पाइसकेपछि पुनः सोही काम गरेमा निजलाई पटकै पिच्छे सोही उपदफाहरूमा उल्लिखित सजायको दोब्बर सजाय हुनेछ ।

**२०. उजूरी र हदम्यादः** (१) यस ऐन अन्तर्गत सजाय हुने कसूरको सम्बन्धमा देहाय बमोजिमको व्यक्ति वा संस्थाले सम्बन्धित श्रम कार्यालयमा उजूरी दिन सक्नेछः-

(क) दफा १५ बमोजिम प्रतिष्ठानको निरीक्षण गर्ने कर्मचारी,

(ख) सम्बन्धित इलाकाको प्रहरी,

(ग) सम्बन्धित बालक वा निजको बाबु, आमा वा संरक्षक,

(घ) सम्बन्धित गाउँपालिका वा नगरपालिका,

(ब) प्रतिष्ठान स्तरको ट्रेड युनियन, वा

(च) बालकको हक र हितको संरक्षणको निमित्त कार्यरत प्रचलित कानून बमोजिम स्थापित निकाय वा गैरसरकारी संस्था ।

(२) यस ऐन अन्तर्गत सजाय हुने कसूरको सम्बन्धमा सो कार्य भए गरेको मितिले एक वर्षभित्र उजूरी दिनु पर्नेछ ।

२१. सजाय गर्ने अधिकारः (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको उल्लंघन गर्ने व्यक्तिलाई दफा १९ बमोजिम सजाय गर्ने अधिकार श्रम कार्यालयलाई हुनेछ ।
(२) उपदफा (१) बमोजिम सजाय गर्दा श्रम कार्यालयले कैदको सजाय गर्नु परेमा श्रम अदालतमा जाहेर गरी सो अदालतबाट निकासा भए बमोजिम गर्नु पर्नेछ ।

२२. पुनरावेदनः दफा २१ बमोजिम श्रम कार्यालयले गरेको सजाय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सजायको आदेश पाएको मितिले पैंतिस दिनभित्र श्रम अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

तर कैदको सजाय तोकिएकोमा सो उपर ●उच्च अदालतमा पुनरावेदन गर्नु पर्नेछ ।

## परिच्छेद -६
## विविध

**२३. बाल श्रम निवारण समितिः** (१) नेपाल सरकारले प्रतिष्ठानमा कार्य गर्ने बालकको स्वास्थ्य, सुरक्षा, शिक्षा, व्यावसायिक र तालीमको व्यवस्था गर्न, बालकलाई उपयुक्त रोजगारीको व्यवस्था गर्न, बालकलाई काममा लगाउन निरूत्साहित तुल्याउन र बाल श्रम निवारण गर्ने सम्बन्धमा आवश्यक राय सुझाव प्राप्त गर्नको लागि बाल श्रम निवारण समिति गठन गरिनेछ ।

(२) यस्तो समितिमा तोकिए बमोजिम बाल श्रमको क्षेत्रमा कार्यरत सरकारी र गैर सरकारी संस्था तथा विशेषज्ञको समुचित प्रतिनिधित्वको व्यवस्था गरिनेछ ।

(३) बाल श्रम निवारण समितिको गठन विधि, काम, कर्तव्य र अधिकार तथा कार्यविधि तोकिए बमोजिम हुनेछ ।

---

● केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

**२४. बाल श्रम निवारण कोषः** (१) नेपाल सरकारले प्रतिष्ठानमा काम गर्ने बालकको स्वास्थ्य, सुरक्षा, शिक्षा, व्यावसायिक र तालिमको व्यवस्था गर्न, बालकलाई उपयुक्त रोजगारीको व्यवस्था गर्न, बालकलाई काममा लगाउन निरूत्साहित तुल्याउन र बाल श्रम निवारण गर्ने सम्बन्धमा बाल श्रम निवारण कोषको नामले एउटा कोष स्थापना गरिनेछ ।

(२) बाल श्रम निवारण कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछः-

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्थाहरूबाट प्राप्त चन्दा, शुल्क, अनुदान तथा सहयोगको रकम,

(ग) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) बाल श्रम निवारण कोषमा जम्मा हुने रकम र कोषको संचालन तोकिए बमोजिम हुनेछ ।

**२५. निर्देशन दिन सक्नेः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले व्यवस्थापक, ट्रेड युनियन तथा बाल कल्याण गृह र बालकको हेरचाह गर्ने संस्थालाई बालकको हक र हितको सुरक्षाको लागि आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**२६. अनुसूचीमा संशोधनः** (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा अन्य जोखिमपूर्ण कार्यहरू थप गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुसूचीमा कुनै जोखिमपूर्ण कार्य थप गर्दा नेपाल सरकारले आवश्यक देखेमा बाल श्रम निवारण समितिको राय लिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएको मितिले तीस दिनपछि अनुसूचीमा संशोधन भएको मानिनेछ ।

**२७. नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

**२८. खारेजी र संशोधनः** (१) श्रम ऐन, २०४८ को,-

(क) दफा २ को खण्ड (ज) झिकिएकोछ ।

(ख) दफा २ को खण्ड (झ) मा रहेको "चौध वर्षको"भन्ने शब्दहरूको सट्टा "सोह्र वर्षको" भन्ने शब्दहरू राखिएका छन् ।

(ग) दफा ५ को उपदफा (१) झिकिएकोछ ।

(घ) दफा ३२ पछि देहायका दफा ३२क. र ३२ख. थपिएका छन्:-

"३२क. पर्याप्त निर्देशन वा व्यावसायिक तालीम नदिई नाबालिगलाई काममा लगाउन नहुनेः (१) सम्बन्धित कार्यक्षेत्रका विषयमा पर्याप्त निर्देशन वा व्यावसायिक तालीम नदिई नाबालिगलाई काममा लगाउन हुँदैन ।

(२) नाबालिगलाई काममा लगाउँदा उपदफा (१) बमोजिम सम्बन्धित कार्यक्षेत्रका विषयमा दिनु पर्ने पर्याप्त निर्देशन वा व्यावसायिक तालीम सम्बन्धी व्यवस्थाहरू तोकिए बमोजिम हुनेछन् ।

(३) उपदफा (१) विपरीत नाबालिगलाई काममा लगाउने व्यवस्थापकलाई तीन महीनासम्म कैद वा दश हजार रूपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

३२ख. उमेर सम्बन्धी विवादः (१) प्रतिष्ठानमा काम गर्ने कुनै नाबालिगको उमेर सम्बन्धी विवाद परेमा त्यस्तो नाबालिगको जन्म दर्ता प्रमाणपत्रमा उल्लिखित जन्म मिति अनुसारको उमेर नै निजको वास्तविक उमेर मानिनेछ ।

(२) कुनै नाबालिगको जन्म दर्ता प्रमाणपत्र नभएमा श्रम विभागले तोकेको चिकित्सकद्वारा त्यस्तो नाबालिगको स्वास्थ्य परीक्षण गराई निश्चित गरिएको उमेर नै निजको वास्तविक उमेर मानिनेछ ।"

(२) बालबालिका सम्बन्धी ऐन, २०४८ को,-

(क) दफा १७ र १८ खारेज गरिएका छन् ।

(ख) परिच्छेद-५ खारेज गरिएको छ ।

(ग) दफा ५३ को उपदफा (१) र (६) मा रहेका "१७ वा १८" भन्ने शब्दहरू झिकिएका छन् ।

(घ) दफा ५३ को उपदफा (१०) झिकिएको छ ।

द्रष्टब्य :- (१) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरू:-

"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

(२) न्याय प्रशासन ऐन, २०७३ द्वारा रुपान्तर भएका शब्दहरू:-

"पुनरावेदन अदालत" को सट्टा "उच्च अदालत" ।

## अनुसूची
## (दफा ३ को उपदफा (२) सँग सम्बन्धित)
## जोखिमपूर्ण व्यवसाय वा कामहरू

(क) पर्यटन, आवास, मोटेल, होटेल, जुवाघर, रेष्टुराँ, बार, पव, रिसर्ट स्किइङ्ग, ग्लाईडिङ्ग, वाटर ऱ्याफटिङ्ग, केवल कार कम्प्लेक्स, पोनी ट्रेकिङ्ग, पदयात्रा, पर्वतारोहण, हट एयर ब्यालुनिङ्ग, प्यारासेलिङ्ग, गल्फ कोर्ष, पोलो, अश्वरोहण आदि पर्यटनसँग सम्बन्धित व्यवसायहरू,

(ख) कार्यशाला, प्रयोगशाला, पशु वधशाला, शीत भण्डार आदि सेवामूलक व्यवसायहरू,

(ग) सार्वजनिक परिवहन र निर्माण व्यवसायहरू,

(घ) चुरोट, बिडी बनाउने, गलैंचा बुन्ने तथा रङ्गाउने, ऊन सफा गर्ने, कपडा बुन्ने, धुने, रङ्गाउने तथा बुट्टा छाप्ने, छाला प्रशोधन गर्ने, सिमेन्ट उत्पादन तथा प्याकिङ्ग, सलाई, विष्फोटक तथा अन्य आगजन्य पदार्थहरूको उत्पादन र बिक्री वितरण, बीयर, मदिरा तथा अन्य पेय पदार्थहरूको उत्पादन, साबुन उत्पादन, बिटुमिन उत्पादन, पल्प र पेपर उत्पादन, स्लेट, पेन्सिल उत्पादन, कीटनाशक औषधि उत्पादन, लुब्रिकेटिङ्ग तेल उत्पादन, फोहोर मैला संकलन, प्रशोधन तथा इलेक्ट्रोप्लेटिङ्ग, फोटो प्रोसेसिङ्ग, रबर, सिन्थेटिक, प्लाष्टिक, सिसा, पारोसँग सम्बन्धित कार्यहरू,

(ङ) जलस्रोत, वायु, शौर्यशक्ति, कोइला, प्राकृतिक तेल वा ग्यास, बायोग्यास तथा त्यस्तै अन्य स्रोतबाट उर्जा पैदा गर्ने र त्यसको प्रसारण वा वितरणसँग सम्बन्धित कार्यहरू,

(च) खानी, खनिज पदार्थ, प्राकृतिक तेल वा ग्यासको उत्खनन्, प्रशोधन तथा वितरणसँग सम्बन्धित कार्यहरू,

(छ) रिक्सा वा ठेलागाडा,

(ज) कटिङ्ग मेशीन जस्ता कार्यहरू,

(झ) जमिनमुनी, पानीमुनी र धेरै उँचाईमा चढेर गर्नु पर्ने कार्यहरू,

(ञ) रसायनिक पदार्थहरूसँग सम्पर्क हुने कार्यहरू, र

(ट) प्रचलित कानून बमोजिम तोकिएको अन्य जोखिमपूर्ण कार्यहरू ।

# बाल श्रम (निषेध र नियमित गर्ने) नियमावली, २०६२

नेपाल राजपत्रमा प्रकाशन मिति
२०६२।१०।७

संशोधन

बाल श्रम (निषेध र नियमित गर्ने) (पहिलो संशोधन) नियमावली, २०७० २०७०।१।३०

बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको नियमहरू बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी नियमहरूको नाम "बाल श्रम (निषेध र नियमित गर्ने) नियमावली, २०६२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले नियम २९ बमोजिम गठन भएको बाल श्रम निवारण समिति सम्झनु पर्छ ।

(ग) "बाल श्रम निवारण कोष" भन्नाले ऐनको दफा २४ बमोजिम स्थापना भएको बाल श्रम निवारण कोष सम्झनु पर्छ ।

## परिच्छेद- २

## जोखिमपूर्ण व्यवसाय वा कार्य सञ्चालन गरेको सूचना

३. **व्यवस्थापकले सूचना दिंदा खुलाउनु पर्ने कुराहरू :** ऐनको दफा ५ को उपदफा (१) मा उल्लिखित विवरणका अतिरिक्त जोखिमपूर्ण व्यवसाय वा कार्य सञ्चालन गरेको व्यवस्थापकले श्रम कार्यालयलाई सूचना दिंदा देहायका विवरण समेत खुलाउनु पर्नेछ :-

(क) प्रतिष्ठान सञ्चालन हुने समय,

(ख) प्रतिष्ठानको काम गर्ने समय र दैनिक कार्य घण्टा,

(ग) प्रतिष्ठानले जोखिमपूर्ण व्यवसाय वा कार्य सञ्चालन गरेको मिति,

(घ) प्रतिष्ठानमा कार्यरत कामदारको संख्या, नाम, उमेर र ठेगाना,

(ङ) प्रतिष्ठानको तर्फबाट कामदारलाई पुऱ्याइएको सेवा,

(च) कामदारलाई दिइएको पारिश्रमिक तथा अन्य सुविधा,

(छ) प्रतिष्ठानको सम्पर्क ठेगाना,

(ज) स्वास्थ्य र सुरक्षा सम्बन्धी व्यवस्था ।

४. **योग्यताको प्रमाणपत्र :** (१) बालकलाई श्रमिकको रूपमा काममा लगाउनु अघि निजले सो काम गर्न सक्ने नसक्ने विषयमा बालकको स्वास्थ्य परीक्षण गर्न प्रतिष्ठानले कामको प्रकृति र बालकको उमेर समेत उल्लेख गरी श्रम कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि श्रम कार्यालयले चिकित्सकद्वारा त्यस्तो बालकको स्वास्थ्य परीक्षण गराउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम बालकको स्वास्थ्य परीक्षण गराउँदा त्यस्तो बालक काम गर्न योग्य देखिएमा चिकित्सकले अनुसूची बमोजिमको ढाँचामा योग्यताको प्रमाणपत्र दिनेछ ।

५. **विवरण दिंदा खुलाउनु पर्ने कुराहरू :** ऐनको दफा ८ को उपदफा (१) मा उल्लिखित कुराहरूका अतिरिक्त बालकलाई काममा लगाउने प्रतिष्ठानले देहायका कुराहरू समेत खुलाइएको विवरण श्रम कार्यालयमा पेश गर्नु पर्नेछ :-

(क) बालकले काम गर्नु पर्ने समय,

(ख) अस्थायी वा स्थायी कस्तो किसिमको सेवामा नियुक्ति गरिएको हो सो खुलेको नियुक्तिपत्रको प्रतिलिपि,

(ग) आवास सुविधा भए नभएको र

(घ) बालकले काम गर्ने विभाग वा शाखा ।

## परिच्छेद-३

## पारिश्रमिक, बिदा तथा अन्य सुविधा

६. **पारिश्रमिक र भत्ता :** प्रतिष्ठानमा काम गर्ने बालकले श्रम ऐन, २०४८ बमोजिम नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समय समयमा तोकिदिएको पारिश्रमिक र भत्तामा कम नहुने गरी मासिक पारिश्रमिक र भत्ता पाउनेछ ।

७. **बिदा :** प्रतिष्ठानमा काम गर्ने बालकले देहाय बमोजिमका बिदाहरू पाउन सक्नेछ :-

(क) सार्वजनिक बिदा

(ख) घर बिदा

(ग) बिरामी बिदा

(घ) किरिया बिदा

(ङ) विशेष बिदा

(च) शैक्षिक बिदा

८. **सार्वजनिक बिदा** : (१) प्रतिष्ठानमा काम गर्ने बालकले प्रत्येक वर्ष कम्तीमा तेह्र दिन पूरा पारिश्रमिक सहितको सार्वजनिक बिदा पाउनेछ ।

(२) उपनियम (१) बमोजिम बालकले पाउने सार्वजनिक बिदा प्रत्येक वर्षको शुरुमा समितिले निर्धारण गर्नु पर्नेछ ।

९. **घर बिदा :** (१) प्रतिष्ठानमा काम गर्ने बालकले काम गरेको अवधिको बीस दिनको एक दिनका दरले पूरा तलब सहितको घर बिदा पाउनेछ । बालकले त्यस्तो बिदा बस्नुभन्दा अगावै व्यवस्थापकबाट बिदा स्वीकृत गराएको हुनु पर्नेछ ।

**स्पष्टीकरण :** यस उपनियमको प्रयोजनको निमित्त "काम गरेको अवधि" भन्नाले सो अवधिभित्र पर्ने प्रत्येक सप्ताहमा एक दिनको साप्ताहिक बिदा, सार्वजनिक बिदा र अन्य तलबी बिदा समेतलाई जनाउँछ ।

(२) उपनियम (१) बमोजिम बालकले पाउने घर बिदा बढीमा छत्तीस दिनसम्म संचित गरी राख्न सकिनेछ ।

(३) कुनै बालकले राजिनामा गरी नोकरी छाडेमा वा अरू कुनै प्रकारले अवकाश प्राप्त गरेमा निजको संचित रहेको घर बिदा वापत निजले खाईपाई आएको पछिल्लो तलबको दरले हुन आउने एकमुष्ट रकम पाउनेछ ।

**१०. बिरामी बिदा :** (१) प्रतिष्ठानमा काम गर्ने बालकले एक वर्षमा चौबीस दिन बिरामी बिदा पाउनेछ ।

(२) बिरामी बिदामा बस्दा त्यस्तो बालकले पूरा तलब पाउनेछ ।

(३) कुनै बालकको सात दिनभन्दा बढी बिरामी बिदा स्वीकृत गर्नु परेमा व्यवस्थापकले नेपाल सरकारद्वारा मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्र पेश गर्न लगाउन सक्नेछ ।

(४) कुनै बालक अचानक बिरामी परी बिदा बस्नु परेमा निजले सोको जानकारी छिटो साधनद्वारा व्यवस्थापकलाई दिनु पर्नेछ ।

**११. किरिया बिदा :** (१) प्रतिष्ठानमा सेवा गरेको बालकले कुल धर्म अनुसार आफै किरिया बस्नु परेमा पन्ध्र दिनसम्म किरिया बिदा पाउनेछ ।

(२) किरिया बिदामा बस्दा त्यस्तो बालकले पूरै तलब पाउनेछ ।

**१२. विशेष बिदा :** (१) कुनै बिदा बाँकी नभएको बालकले विशेष परिस्थिति परी बिदा नबसी नहुने कारण परेमा पूर्व स्वीकृति लिई कूल सेवा अवधिमा साठी दिन नबढ्ने गरी एक वर्षमा तीस दिनसम्म विशेष बिदा पाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम विशेष बिदामा बस्ने बालकले त्यस्तो बिदामा बसेको अवधिको तलब पाउने छैन ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बालिका आफ्नो काबुभन्दा बाहिरको परिस्थितिको कारण वा कसैको जोर जुलुममा परी गर्भवती भएमा त्यस्तो बालिकालाई सुत्केरी हुनुभन्दा अघि र पछि गरी ९० दिन विशेष बिदा दिइनेछ । त्यस्तो बिदामा बस्ने बालिकालाई सो बिदामा बसेको अवधिको पूरा पारिश्रमिक दिइनेछ ।

**१३. शैक्षिक बिदा तथा कामको समय निर्धारण** : (१) विद्यालय जाने बालकले वार्षिक परीक्षाको अवधिभर एक वर्षमा दस दिन शैक्षिक बिदा पाउनेछ ।

(२) उपनियम (१) बमोजिम विद्यालयमा अध्ययन गर्ने बालकको निमित्त

प्रतिष्ठानले विद्यालय समय र कामको समय एउटै नहुने गरी समय निर्धारण गर्नु पर्नेछ ।

**१४. बिदा स्वीकृत गर्ने अधिकारी :** यस परिच्छेदमा उल्लिखित बिदाहरू व्यवस्थापकले वा प्रतिष्ठानको विनियमावलीमा तोकिएको अधिकारीले स्वीकृत गर्नेछ ।

**१५. बिदा नलिई गयल हुने बालक उपर कारबाही :** (१) बिदा स्वीकृत नगराई कुनै पनि बालक प्रतिष्ठानमा गयल हुनु हुँदैन ।

(२) कुनै बालकले बिदा बसेको जानकारी नदिई लगातार तीस दिनभन्दा बढी समय प्रतिष्ठानमा अनुपस्थित भएमा त्यस्तो बालकलाई गयल कट्टी गरी प्रतिष्ठानको सेवाबाट हटाउन सकिनेछ ।

तर त्यसरी हटाउँदा सुनुवाईको मौकाबाट बञ्चित गरिने छैन ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि बिदा बस्ने जानकारी गराउन नपाउँदै तत्काल बिदा बस्नु पर्ने कुनै कारण परी पछि त्यस्तो अवधिको बिदा स्वीकृत गराएकोमा यस नियमको उल्लंघन भएको मानिने छैन ।

**१६. उपदान :** (१) प्रतिष्ठानमा एक वर्ष वा सोभन्दा बढी सेवा गरेको कुनै बालकले राजिनामा दिई वा अन्य कुनै किसिमले प्रतिष्ठानको सेवाबाट अलग भएमा त्यस्तो बालकले काम गरेको प्रत्येक वर्षको एक महिनाको तलबका दरले हुन आउने एकमुष्ट रकम उपदान पाउनेछ ।

(२) कुनै बालकले उमेर पुगेपछि सो प्रतिष्ठानको सेवालाई निरन्तरता दिएकोमा पछि राजिनामा स्वीकृत गराई वा अन्य कुनै किसिमले सेवाबाट अलग भएमा त्यस्तो बालकले यस नियम बमोजिम पाउने उपदानका अतिरिक्त प्रचलित कानुन बमोजिम पाउने उपदान समेत पाउनेछ ।

(३) यो नियमावली प्रारम्भ हुनुभन्दा अगाडि प्रतिष्ठानमा काम गर्ने बालकले समेत यसै नियमावली बमोजिम उपदान पाउनेछ ।

**१७. उपदान कोष :** (१) नियम १६ बमोजिम बालकले प्राप्त गर्ने उपदान रकम जम्मा गर्ने प्रयोजनको निमित्त प्रत्येक प्रतिष्ठानले एउटा छुट्टै उपदान कोष खडा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम खडा भएको उपदान कोषमा नियम १६ को उपनियम (१) बमोजिम बालकलाई दिइने उपदान रकम प्रतिष्ठानले प्रत्येक वर्ष जम्मा गर्नु पर्नेछ ।

(३) प्रत्येक बालकले पाउने उपदानको रकम स्पष्ट देखिने गरी प्रतिष्ठानले छुट्टा छुट्टै हिसाब राख्नु पर्नेछ ।

**१८. सञ्चय कोष :** (१) प्रतिष्ठानमा स्थायी नियुक्ति पाएको बालकको मासिक तलबबाट दश प्रतिशतका दरले रकम कट्टा गरी सो रकममा प्रतिष्ठानले शत प्रतिशत रकम थपी सञ्चय कोषको रूपमा बालकको नाममा उपनियम (२) बमोजिम जम्मा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको रकम जम्मा गर्न प्रत्येक प्रतिष्ठानको व्यवस्थापकले आकयर ऐन, २०५८ अनुसार स्वीकृत अवकाश कोषमा आफ्नो प्रतिष्ठानमा कार्यरत बालकको नाममा खाता खोल्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम कुनै बालकको नाममा जम्मा रहेको सम्पूर्ण रकम प्रतिष्ठानको सेवाबाट अवकाश नपाई झिक्न पाइने छैन ।

(४) कुनै बालकको सेवा अवधिभित्र मृत्यु भएमा निज बाललको सञ्चय कोषको रूपमा जम्मा रहेको रकम निज बालकले इच्छाएको व्यक्ति भएमा सोही व्यक्तिलाई र निजले इच्छाएको व्यक्ति नभएमा वा निजले इच्छाएको व्यक्तिको पनि मृत्यु भएमा निज मृत बालकको परिवारका सदस्यहरूमध्ये सबैभन्दा नजिकको हकवालाले पाउनेछ । त्यस्तो हकवाला एकभन्दा बढी भएमा त्यस्तो रकम सबै हकवालाले दामासाहीले पाउने छन् ।

(५) यस नियम बमोजिम सञ्चय कोषको रूपमा जम्मा रहेको रकमबाट प्रतिष्ठानको विनियम अनुसार बढीमा पचास प्रतिशत रकमसम्म सम्बन्धित बालकले ऋण लिन सक्नेछ । यसरी बालकले लिएको ऋण रकम चुक्ता नभएसम्म त्यस्तो बालकको पारिश्रमिकबाट मासिक एक चौथाई रकम कट्टा गर्नु पर्नेछ ।

(६) कुनै बालकले उमेर पुगेपछि पनि प्रतिष्ठानको सेवालाई निरन्तरता दिएमा त्यस्तो बालकले यस नियमावली बमोजिम सञ्चय कोषको रूपमा जम्मा

गरेको रकम कायमै राखी प्रचलित कानुन बमोजिम निजको तर्फबाट सञ्चय कोष कट्टा गर्नु पर्नेछ ।

१९. **औषधि उपचार सुविधा :** प्रतिष्ठानमा काम गर्ने बालक बिरामी भई औषधि उपचार गराउनु परेको व्यहोरा नेपाल सरकारको मान्यता प्राप्त चिकित्सकद्वारा प्रमाणित भएमा त्यस्तो बालकलाई निजको कूल सेवा अवधिभरमा बढीमा दुई महिनाको पारिश्रमिक बराबरको रकम औषधि उपचार बापत प्रतिष्ठानले उपलब्ध गराउनु पर्नेछ ।

२०. **विमा गराउनु पर्ने :** व्यवस्थापकले प्रतिष्ठानमा काम गर्ने बालकको प्रचलित कानुन बमोजिम विमा गराउनु पर्नेछ ।

२१. **खाजा भत्ता :** व्यवस्थापकले प्रतिष्ठानमा काम गर्ने बालकलाई खाजा भत्ता वापत निजले पाउने पारिश्रमिकको दश प्रतिशत रकम प्रत्येक महिना उपलब्ध गराउनु पर्नेछ ।

२२. **दशैं खर्च :** (१) व्यवस्थापकले प्रतिष्ठानमा काम गर्ने बालकलाई मासिक पारिश्रमिक बराबरको रकम प्रत्येक वर्ष घटस्थापनाको पन्ध्र दिन अगावै दशै खर्च वापत दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दशैं खर्च दिंदा बडा दशैंभन्दा अघिल्लो महिना भुक्तान भई नसकेको भए तापनि अघिल्लो महिनाको पारिश्रमिक समेत भुक्तानी दिनु पर्नेछ ।

२३. **अंगभंग भए वा चोटपटक लागे वापत पाउने सुविधा :** (१) कुनै बालकलाई प्रतिष्ठानको कामको सिलसिलामा चोटपटक लाग्न गई सेवाबाट अवकाश लिन नपर्ने भए तापनि सो चोट पटकको कारणबाट निजको क्षमता बृद्धिमा बाधा पर्ने भएमा त्यस्तो बालकलाई चोटपटकको अवस्था विचार गरी पन्ध्र हजार रुपैयासम्म एकमुष्ट आर्थिक सहायता दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको चोटपटकको उपचार गराउन आवश्यक पर्ने अवधिभरको निमित्त बालकको कुनै पनि संचित बिदाबाट कट्टा नहुने गरी पूरा तलब सहितको थप बिरामी बिदा पाउनेछ ।

(३) उपनियम (२) बमोजिम उपचार गराउँदा लागेको उपचार खर्च त्यस्तो

बालकले प्रतिष्ठानबाट पाउनेछ ।

(४) यस नियम बमोजिम उपचार खर्च पाएको कारणले त्यस्तो बालकले पछि बिरामी हुँदा नियम १९ बमोजिम पाउने उपचार खर्च पाउनमा कुनै बाधा पुगेको मानिने छैन ।

**२४. प्रचलित कानुन बमोजिमको सुविधा पाउने** : यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिष्ठानमा काम गर्ने बालकले प्रचलित कानुनमा यस नियमावलीमा उल्लेख गरिएकोभन्दा बढी सुविधा पाउने रहेछ भने सोही कानुन बमोजिमको सुविधा पाउनेछ ।

## परिच्छेद - ४

## स्वास्थ्य र सुरक्षा सम्बन्धी व्यवस्था

**२५. बालकको स्वास्थ्य र सुरक्षा सम्बन्धमा अपनाउनु पर्ने व्यवस्था :** ऐनको दफा ११ बमोजिम प्रतिष्ठानमा काम गर्ने बालकको स्वास्थ्य र सुरक्षाका सम्बन्धमा व्यवस्थापकले देहायका व्यवस्थाहरू अपनाउनु पर्नेछ :-

(क) प्रत्येक दिन कार्यस्थलको सरसफाई गरी आवश्यकता अनुसार किटनाशक औषधिको प्रयोग, समुचित निकासको प्रबन्ध एवं समय समयमा रंग रोगन समेत लगाई फोहर, मैलाबाट हुने दुर्गन्ध हटाउन उचित व्यवस्था मिलाउने,

(ख) काम हुने कोठामा पर्याप्त हावा, प्रकाश एवं उपयुक्त तापक्रमको व्यवस्था गर्नु पर्ने,

(ग) काम गर्ने कोठामा स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्ने धुलो, धुँवा, दुषित हावा, वाफ एवं अन्य दुषित पदार्थ जम्मा हुन नदिने,

(घ) पर्याप्त मात्रामा पिउने पानीको व्यवस्था गर्ने,

(ङ) बालक र बालिकाको लागि पायक पर्ने स्थानमा बेग्ला बेग्लै शौचालयको व्यवस्था गर्ने,

(च) आगलागीबाट बचाउन आवश्यकता अनुसार अग्नि नियन्त्रक उपकरण राख्ने,

(छ) प्रतिष्ठानको हाता भित्र सहुलियत दरमा चमेनागृह स्थापना गर्ने,

(ञ) बालकलाई पन्ध्र किलो ग्राम तौलभन्दा बढी उठाउन वा ओसार पसार गर्न वा बोकाउन नहुने,

(झ) कामको सिलसिलामा बच्न र बचाउनका लागि सुरक्षा सम्बन्धी नियम पालन गर्न सिकाउने र

(ञ) पालो मिलाएर कार्य समयको बीचमा आराम गर्ने व्यवस्था मिलाउने ।

२६. **दर्ता किताबमा खुलाउनु पर्ने अन्य कुराहरू :** ऐनको दफा १३ को उपदफा (१) मा उल्लिखित कुराहरूका अतिरिक्त व्यवस्थापकले प्रतिष्ठानमा राखिने दर्ता किताबमा देहायका कुराहरू समेत उल्लेख गरी राख्नु पर्नेछ :-

(क) बालकको राष्ट्रियता,

(ख) बालकले योग्यताको प्रमाणपत्र वा तालिम प्राप्त गरे नगरेको,

(ग) काम गर्ने विभाग वा शाखाको नाम,

(घ) बालक प्रतिष्ठानमा स्थायी वा अस्थायी के हो सो कुरा,

(ङ) बिदा सम्बन्धी विवरण,

(च) ठेकिएको कामको विवरण,

(छ) काम गर्नु पर्ने समय,

(ज) अन्य सुविधा सम्बन्धी विवरण ।

२७. **श्रम कार्यालयले जाँच गर्न सक्ने :** (१) बालकलाई काममा लगाउने प्रतिष्ठानमा ऐन विपरीत बालकलाई काममा लगाएको वा नलगाएको, काममा लगाइएको बालकको स्वास्थ्य र सुरक्षाको लागि गर्नु पर्ने व्यवस्था गरे वा नगरेको तथा ऐन वा यस नियमावली बमोजिम गर्नु पर्ने अन्य व्यवस्थाहरू गरे वा नगरेको भनी निरीक्षण गर्न खटिएको कर्मचारीले सो अनुरूप आफ्नो कर्तव्य इमान्दारीपूर्वक पालन गरे नगरेको सम्बन्धमा श्रम कार्यालयले स्थलगत निरीक्षण गर्न अर्को कुनै कर्मचारी खटाई छड्के जाँच गराउन सक्नेछ ।

(२) ऐनका दफा १७ को उपदफा (१) बमोजिम पेश भएको निरीक्षण प्रतिवेदन यथार्थ भए नभएको सम्बन्धमा श्रम कार्यालयले कार्यालयमा रहेको अभिलेख र उपनियम (१) बमोजिम गरिएको छड्के जाँचको प्रतिवेदनसँग भिडाई जाँच गर्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम जाँच गर्दा निरीक्षण गर्न खटिएको कर्मचारीले आफ्नो कर्तव्य इमान्दारीपूर्वक पालन नगरेको वा निजले दिएको प्रतिवेदन यथार्थ नभएको पाइएमा निजलाई विभागीय कारबाही हुनेछ ।

**२८. सुविधा रोक्का राख्ने अवधि :** (१) कुनै प्रतिष्ठानमा ऐन वा यस नियमावली बमोजिम गर्नु पर्ने कुनै व्यवस्था नगरेको पाइएमा श्रम कार्यालयले यथाशीघ्र त्यस्तो व्यवस्था गर्न मनासिव म्याद तोकी व्यवस्थापकलाई आदेश दिनेछ ।

(२) उपनियम (१) बमोजिम दिइएको आदेश अनुसार आवश्यक व्यवस्था नगरेमा श्रम कार्यालयले त्यस्तो प्रतिष्ठानलाई प्रचलित कानुन बमोजिम दिइने सुविधा छ महिनासम्मको लागि रोक्का गर्न सम्बन्धित निकायलाई लेखी पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम छ महिनासम्म सुविधा रोक्का गर्दा समेत प्रतिष्ठानले आवश्यक व्यवस्था नगरेमा श्रम कार्यालयले त्यस्तो प्रतिष्ठानलाई प्रचलित कानुन बमोजिम दिइने सुविधा अर्को व्यवस्था नभएसम्मको लागि रोक्का गर्न सम्बन्धित निकायलाई लेखी पठाउनु पर्नेछ ।

(४) उपनियम (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिष्ठानले ऐन वा यस नियमावली बमोजिम आवश्यक व्यवस्था गरेको प्रमाण पेश गरेमा श्रम कार्यालयले यस नियम बमोजिम रोक्का गरेको सुविधा जुनसुकै बखत फुकुवा गर्न सक्नेछ ।

## परिच्छेद-५

## विविध

**२९. समितिको गठन :** (१) ऐनको दफा २३ बमोजिम प्रतिष्ठानमा काम गर्ने बालकको स्वास्थ्य, सुरक्षा, शिक्षा, व्यावसायिक तालिमको व्यवस्था गर्न, बालकलाई उपयुक्त रोजगारीको व्यवस्था गर्न, बालकलाई काममा लगाउन निरुत्साहित तुल्याउन र बालश्रम निवारण गर्ने सम्बन्धमा श्री नेपाल सरकारलाई राय सुझाव दिन देहाय बमोजिमको एक बालश्रम निवारण समिति रहनेछ :-

(क) सचिव, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, - अध्यक्ष

(ख) सहसचिव, श्रम तथा यातायात व्यवस्था मन्त्रालय
(श्रम सम्बन्ध तथा बालश्रम निवारण शाखा हेर्ने), - सदस्य
(ग) महानिर्देशक, श्रम तथा रोजगार प्रवर्द्धन विभाग, - सदस्य
(घ) प्रतिनिधि, महिला, बालबलिका तथा समाज कल्याण मन्त्रालय- सदस्य
(ङ) प्रतिनिधि, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, - सदस्य
(च) नेपाल उद्योग वाणिज्य महासंघका दुईजना प्रतिनिधि, - सदस्य
(छ) ट्रेड युनियन महासंघका चारजना प्रतिनिधि, - सदस्य
(ज) बालबालिका तथा बाल श्रमको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाको महासंघको तोकेको एक जना प्रतिनिधि अधिकृत, - सदस्य
(झ) नेपाल सरकारले तोकेको अधिकृत - सदस्य-सचिव

(२) समितिले आफ्नो बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयका विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

३०. **समितिको काम, कर्तव्य र अधिकार :** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) बालश्रम निवारण सम्बन्धी विद्यमान नीति र कानुनमा आवश्यक सुधार गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ख) प्रतिष्ठानमा काम गर्ने बालकको स्वास्थ्य, शिक्षा, सुरक्षा सुविधा एवं व्यवसायिक तालिमका सम्बन्धमा आवश्यक व्यवस्था गर्न नेपाल सरकारलाई परामर्श दिने,

(ग) नेपाल सरकार र व्यवस्थापक बीच आपसी सम्बन्ध अभिवृद्धि गरी बालश्रम निवारण गर्न आवश्यक कार्य गर्ने,

(घ) बालकलाई उपयुक्त रोजगारीको व्यवस्था गर्न सकिने क्षेत्र पहिचान गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ङ) बालकलाई काममा लगाउन निरुत्साहित तुल्याउने र बालश्रम निवारण गर्ने सम्बन्धमा प्रतिष्ठानले गर्नु पर्ने व्यवस्था भए गरेको छ छैन भन्ने सम्बन्धमा प्रभावकारी अनुगमनको व्यवस्था गर्ने,

(च) बालश्रम निवारण कोषको उपयोगका सम्बन्धमा आवश्यक योजना

बनाउने तथा प्राथमिकता निर्धारण गर्ने,

(छ) बालश्रम निवारण सम्बन्धी कुनै खास काम गर्न उपसमिति गठन गरी ठोस राय सुझाव प्राप्त गर्ने ।

**३१. समितिको बैठक र कार्यविधि :** (१) समितिको बैठक वर्षमा कम्तीमा चार पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ । समितिको बैठक बस्ने सूचना बैठक बस्नुभन्दा कम्तीमा सात दिन अगावै सदस्य-सचिवले सदस्यहरूलाई दिनु पर्नेछ ।

(३) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षले निर्णायक मत दिनेछ ।

(४) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) समितिको बैठकमा भाग लिए बापत समितिका अध्यक्ष र सदस्यहरूले नेपाल सरकारले तोकिदिए बमोजिमको बैठक भत्ता पाउने छन् ।

**३२. बाल श्रम निवारण कोषको सञ्चालन :** (१) बालश्रम निवारण कोषमा जम्मा हुने रकम नेपाल ✖............ को कुनै वाणिज्य बैंकमा खाता खोली राखिनेछ ।

(२) कोषमा जम्मा हुने रकम ऐनको दफा २४ को उपदफा (१) को प्रयोजनको लागि बाहेक अन्यत्र खर्च गरिने छैन ।

(३) बाल श्रम निवारण कोषको सञ्चालन समितिको अध्यक्ष वा निजले तोकेको समितिको कुनै सदस्य र सदस्य-सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

**३३. लेखा र लेखापरीक्षण :** (१) बाल श्रम निवारण कोषको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राख्नु पर्नेछ ।

(२) बाल श्रम निवारण कोषको लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

---

✖ पहिलो संशोधनद्वारा झिकिएको ।

द्रष्टव्य : केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६३ द्वारा रूपान्तर भएको शब्दहरू :-

"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

# अनुसूची
## (नियम ४ सँग सम्बन्धित)
## योग्यताको प्रमाणपत्रको ढाँचा

श्री/सुश्री ......................... को स्वास्थ्य परीक्षण गर्दा शारीरिक तथा मानसिक रूपमा स्वस्थ्य रहेको पाइएको हुँदा निजले .................. प्रतिष्ठानको ..................... सेवाको काम गर्न सक्ने व्यहोरा प्रमाणित गर्दछु ।

बालकको विवरण :

(क) नाम, थर :-

(ख) बालकको ठेगाना :-

(ग) बालकको बाबु, आमा वा संरक्षकको नाम, थर, ठेगाना :-

(घ) बालकको दाहिने हातको बुढी औंलाको छाप :-

(ङ) बालकको दस्तखत :-

(च) मिति :-

प्रमाणित गर्ने चिकित्सकको :-

(क) नाम, थर, वतन :-

(ख) दस्तखत :-

(ग) नेपाल मेडिकल काउन्सिलको रजिष्ट्रेशन नम्बर :-

(घ) मिति :-

द्रष्टव्य :- यो प्रमाणपत्र एक वर्षको अवधिको लागि मात्र वहाल रहनेछ ।

# बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७

नेपाल सरकार

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

सिंहदरबार, काठमाण्डौ

# बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७

**प्रस्तावनाः** नेपालको संविधानको धारा ३९ (४) मा कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन नपाइने व्यवस्था गरेको छ। साथै संविधानले प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासका साथै प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक प्रत्याभूत गरेको छ। प्रत्येक बालबालिकालाई बाल अनुकूल न्याय तथा जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने गरी बालबालिकाको संवैधानिक हकको व्यवस्था समेत गरेको छ ।

बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६ मा अठार वर्ष पूरा नगरेका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन नपाउने व्यवस्था छ । श्रम ऐन, २०७४ को दफा ५ मा कसैले पनि बालबालिकालाई कानून विपरित हुने गरी काममा लगाउन नपाउने व्यवस्था छ । यसैगरी बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५-८५) ले वि.स. २०७९ सम्ममा निकृष्ट तथा शोषणयुक्त बालश्रम तथा वि.स. २०८२ सम्म सबै प्रकारका बालश्रमको अन्त्य गर्ने उद्देश्य राखेको छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गरिएका प्रतिवद्धताको कार्यान्वयनका लागि गाउँपालिका/नगरपालिका तहबाट बालश्रमको अन्त्य गर्दै राष्ट्रलाई वालश्रममुक्त गर्न वाञ्छनीय भएकोले,

श्रम ऐन, २०७४ को दफा १८१ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम “बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७” रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा :** विषय या प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) “बालबालिका” भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्तिलाई सम्झनुपर्छ ।

(ख) "मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनुपर्छ ।

(ग) "स्थानीय तह" भन्नाले गाँउपालिका र नगरपालिका सम्झनुपर्छ ।

## परिच्छेद-२
## उद्देश्य र लक्षित समूह

३. **उद्देश्य :** स्थानीय तहलाई बालश्रममुक्त घोषणा गर्ने कार्यमा सहजता एवम् एकरुपता ल्याउन तथा बालश्रममुक्त बनाउन सहयोग पुऱ्याउनु हुनेछ ।

४. **लक्षित समूह :** बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६ तथा बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५-८५) अनुसार देहाय बमोजिमको क्षेत्रमा संलग्न बालबालिकालाई यस कार्यविधिले लक्षित गरेको छ ।

(१) घरेलु बालश्रम,
(२) बाल भरिया,
(३) कृषि तथा पशुपालन बालश्रम,
(४) लागूपदार्थ सङ्कलन, बेचविखन तथा ओसारपसारमा संलग्न बालश्रम,
(५) बुनाई बालश्रम,
(६) ईट्टा उद्योगको बालश्रम,
(७) खानी क्षेत्रको बालश्रम,
(८) मनोरञ्जन क्षेत्रको बालश्रम (यौन शोषण समेत),
(९) यातायात क्षेत्रको बालश्रम,
(१०) जरी तथा बुट्टा भराईमा संलग्न बालश्रम,
(११) छिमेकी देशमा पुऱ्याइएका बालश्रम,
(१२) यान्त्रिक वा रासायनिक क्षेत्रमा काम गर्ने बालश्रम,
(१३) सडक व्यापारमा संलग्न बालश्रम,
(१४) जडीबुटी सङ्कलन गर्ने बालश्रम,
(१५) भौतिक पूर्वाधार क्षेत्रको बालश्रम
(१६) होटेल रेष्टुराँका बालश्रम र
(१७) स्थानीय तहले तोकेका अन्य

## परिच्छेद ३

## बालश्रममुक्त घोषणाका सूचक

५ **सूचकहरु :** बालश्रममुक्त स्थानीय तह घोषणाका लागि देहाय बमोजिमका सूचकहरु न्यूनतम मापदण्डको रुपमा रहनेछन् :-

(१) अद्यावधिक तथ्याङ्क र अभिलेखिकरण:

(क) स्थानीय तहमा जन्मेका सबै वालवालिकाको जन्म दर्ताको विवरण,

(ख) अनुसुची १ बमोजिम सर्वेक्षण गरेको हुनुपर्ने,

(ग) स्थानीय तहमा रहेका बालश्रमसँग सम्बन्धित विभिन्न सरोकारवालाहरु (स्थानीय प्रशासन, विद्यालय, विज्ञ, बालश्रम विरुद्ध काम गर्ने गैर सरकारी संस्था, बालक्लब, हेल्पलाईन वा हटलाईन आदि) को सूचीकरण एवं नक्साङ्कन गरेको,

(घ) बालश्रम हुनसक्ने सम्भावित क्षेत्रहरूबाट बालश्रम प्रयोग नगर्ने प्रतिवद्धता पत्र ।

(२) स्थानीय तहमा बालश्रम निवारणको लागि छुट्टै नीति वा अन्य कुनै नीतिमा बालश्रम निवारणको विषय समावेश भएको हुनुपर्नेछ।

(३) स्थानीय तहले बालश्रम निवारण सम्बन्धी देहाय बमोजिमका कार्यक्रम अनिवार्य सञ्चालन गरेको हुनुपर्नेछ :-

(क) बालश्रम निवारण सम्बन्धी चेतनामूलक र मनोपरामर्श सम्बन्धी कार्यक्रम,

(ख) बालश्रमिक सम्बद्ध वा बालश्रमको जोखिममा रहेका बालबालिकाको परिवारका लागि वैकल्पिक आय आर्जनका कार्यक्रम,

(ग) पढाई नियमित नभएका (१५ देखि १८ वर्ष सम्मका) बालश्रमिकका लागि सीपमूलक कार्यक्रम,

(घ) बालश्रम विरुद्ध सक्रिय संघ संस्था तथा व्यवसायीलाई प्रोत्साहन तथा सम्मान गर्ने कार्यक्रम,

(ङ) सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम

(च) बालश्रम सम्बन्धमा निरन्तर अनुगमन तथा बालश्रममा रहेका वा बालश्रममा पर्न सक्ने जोखिममा रहेका बालबालिकाको उद्धार, पुनर्स्थापना तथा पुनर्मिलन सम्बन्धी कार्यक्रम,

(छ) बालश्रमिकहरुको शैक्षिक विकास कार्यक्रम ।

(४) बालश्रम निवारण सम्बन्धी खण्ड (३) मा उल्लेखित कार्यक्रम सञ्चालनका लागि स्थानीय तहले बजेट विनियोजन गरेको हुनुपर्नेछ ।

(५) संस्थागत व्यवस्था:

(क) बालबालिकाको क्षेत्र हेर्ने गरी कर्मचारी/बालकल्याण अधिकारी वा शाखाको व्यवस्था,

(ख) बालश्रम निवारणका लागि सक्रिय बालक्लब र अन्य सञ्जालहरुको विकास,

(ग) बालबालिका सम्बन्धी ऐन, दृण्ठछ ले व्यवस्था गरे बमोजिमको स्थानीय बाल अधिकार समितिको व्यवस्था,

(घ) बालश्रमको अवस्था अनुगमन तथा कारवाहीका लागि संयन्त्र,

(ङ) उद्धार गरिएका बालबालिकालाई राख्नका लागि बाल गृह वा प्रचलित कानून बमोजिम दर्ता भएका बालबालिकालाई हेरचाह गर्ने कुनै संस्था ।

नोटः यस प्रयोजनका लागि स्थानीय तहले बाल गृह वा बालबालिकालाई हेरचाह गर्ने संस्थाको स्वयम् व्यवस्थापन गर्न सक्ने वा सम्बद्ध संघसंस्था वा छिमेकी स्थानीय तहसंगको समन्वय र सहकार्यमा समेत व्यवस्था गर्न सक्नेछ।

(६) शिक्षाको अवस्था:

(क) विद्यालय जाने उमेरका बालबालिकाको विद्यालयमा भर्ना दर कम्तिमा ९५ प्रतिशत

(ख) विद्यालय छोड्नेको दर घट्दो हुनुपर्ने।

(७) सहयोग, समन्वय र सहकार्यको व्यवस्था:

(क) स्थानीय तहले सरोकारवाला निकाय, विद्यालय, रोजगारदाता, श्रमिक संगठन, नागरिक समाज, गैरसरकारी संघसंस्थासंग बालश्रम निवारणका लागि सहयोग, समन्वय र सहकार्य गरेको हुनुपर्ने ।

(ख) स्थानीय तहले बालश्रम निवारणका लागि प्रदेश र संघको सम्बन्धित मन्त्रालयहरुमा सूचना आदान प्रदान, कार्यक्रम सञ्चालन, आवश्यक श्रोत सम्बन्धमा सहकार्य गरेको हुनुपर्ने ।

## परिच्छेद-४
## स्थानीय तह छनौट

६. **सर्वेक्षण :** (१) वालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रम सञ्चालन गर्न इच्छुक स्थानीय तहले अनुसुची १ बमोजिमको सर्वेक्षण गरेको हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सर्वेक्षण स्थानीय तह स्वयम्ले गर्नुपर्ने वा कुनै साझेदारको सहयोग लिई गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको सर्वेक्षणका लागि मन्त्रालयले आवश्यक सहयोग गर्न सक्नेछ ।

७. **प्रस्ताव :** वालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रम सञ्चालनका लागि सर्वेक्षण सम्पन्न गरेका स्थानीय तहसँग मन्त्रालयले अनुसुची २ बमोजिमको प्रस्ताव माग गर्नेछ ।

८. **प्रस्तावको मूल्याङ्कन :** दफा ७ बमोजिम प्राप्त प्रस्तावको मूल्याङ्कन गर्दा अनुसूची २ मा उल्लेखित प्रत्येक क्रियाकलापलाइ ५ अंकभार कायम गरी मूल्याङ्कन गरिनेछ । त्यसरी मूल्याङ्कन गर्दा समान अंक आएमा देहायका सूचकलाई मूल्याङ्कनको आधारको रुपमा लिइनेछ ।

(क) बालश्रम निवारण सम्बन्धमा स्थानीय तहले विनियोजन गरेको बजेट,
(ख) बालश्रम निवारण सम्बन्धमा स्थानीय तहले गरेका कामको विवरण,
(ग) बालश्रम निवारण सम्बन्धी स्थानीय तहको कोषको अवस्था ।

९. **छनौट :** मन्त्रालयले दफा ८ बमोजिम मुल्याङ्कन गरी बालश्रममुक्त स्थानीय तह कार्यक्रम सञ्चालन गर्न स्थानीय तहहरु छनौट गर्नेछ ।

## परिच्छेद-५
## श्रोतको व्यवस्थापन

१०. बालश्रममुक्त कार्यक्रमका लागि छनौट भएका स्थानीय तहलाई देहायबमोजिम अनुदान रकम उपलब्ध गराइनेछ ।

(क) बालश्रममुक्त कार्यक्रम सञ्चालन गर्नका लागि रु ३ लाख
(ख) बालश्रममुक्त स्थानीय तह भइसकेपछि रु २ लाख

११. स्थानीय तहले दफा १० बमोजिम प्राप्त रकम दफा ५ को उपदफा (३) वा वालश्रममुक्त स्थानीय तह लक्षित कार्यक्रममा मात्र खर्च गर्नुपर्नेछ ।

१२. स्थानीय तहले वालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रममा खर्च गर्दा प्रचलित कानूनको परिधिभित्र रहेर गर्नु पर्नेछ ।

१३. मन्त्रालयबाट अनुदान प्राप्त रकमको लेखाकंन गर्ने, श्रेस्ता व्यवस्थापन गर्ने, आन्तरिक र अन्तिम लेखापरीक्षण गराई सो को प्रतिवेदन गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ ।

## परिच्छेद-६
## अनुगमन तथा मूल्याङ्कन

१४. राष्ट्रिय स्तरमा वालश्रममुक्त स्थानीय तह घोषणा सम्बन्धी कार्यक्रम तर्जुमा, सञ्चालन, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन बालश्रम (निषेध र नियमित गर्ने) ऐन बमोजिम गठित बालश्रम निवारण समितिले गर्नेछ ।

१५. प्रदेशस्तरमा सामाजिक विकास मन्त्रालयको सचिवको संयोजकत्वमा रोजगारदाता, ट्रेड यूनियन, बालश्रमसँग सम्बन्धित गैसस, नागरिक समाज, स्थानीय प्रशासन, सञ्चारकर्मी लगायत अन्य सरोकारवाला समेतको संलग्नतामा प्रदेश समन्वय समिति गठन हुनेछ ।

१६. प्रदेश समन्वय समितिमा रहने सदस्य र बैठक सम्बन्धी कार्यविधि सामाजिक विकास मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

१७. स्थानीय स्तरमा अध्यक्ष/प्रमुख वा निजले तोकेको निर्वाचित प्रतिनिधि वा कर्मचारीको संयोजकत्वमा स्थानीय तहको सामाजिक विकास समिति, रोजगारदाता, ट्रेड यूनियन, बालश्रमसँग सम्बन्धित गैसस, स्थानीय तहस्तरीय बाल संजाल, नागरिक समाज, स्थानीय प्रशासन, सञ्चारकर्मी, लगायत अन्य सरोकारवाला समेतको संलग्नतामा स्थानीय समन्वय समिति रहनेछ ।

१८. स्थानीय समन्वय समितिमा रहने अन्य सदस्य र बैठक सम्बन्धी कार्यविधि तथा समितिको कार्यक्षेत्र स्थानीय कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-७
## घोषणा प्रक्रिया

**१९.** स्थानीय तहको वडा समितिले परिच्छेद ३ मा उल्लेखित सूचक पुरा गरी स्थानीय तहको अध्यक्ष वा प्रमुख समक्ष बालश्रममुक्त वडा घोषणा गर्न निर्णय सहित सिफारिस गर्नेछ ।

**२०.** निवेदन प्राप्त भए पश्चात् स्थानीय समन्वय समितिले अनुगमन गर्नेछ ।

**२१.** स्थानीय समन्वय समितिले १५ दिन भित्र अनुगमन गरी अनुगमन प्रतिवेदन अध्यक्ष वा प्रमुख समक्ष पेश गर्नेछ ।

**२२.** स्थानीय समन्वय समितिको अनुगमन प्रतिवेदनका आधारमा कार्यपालिका बैठकको निर्णयबाट स्थानीय तहले वालश्रममुक्त वडा घोषणा गर्न सक्नेछ ।

**२३.** स्थानीय तहका सबै वडा वालश्रममुक्त घोषित भइ सके पछि परिच्छेद-३ मा उल्लेखित सूचकका आधारमा कार्यपालिकाको प्रस्तावमा गाउँ/नगरसभाले वालश्रममुक्त स्थानीय तह घोषणा गर्न सक्नेछ ।

**२४.** जिल्ला स्थित सबै स्थानीय तह वालश्रममुक्त घोषणा भएमा जिल्ला समन्वय समितिको प्रस्तावमा जिल्ला सभाले वालश्रममुक्त जिल्ला घोषणा गर्न सक्नेछ ।

**२५.** वालश्रममुक्त स्थानीय तह घोषणा भइसके पश्चात त्यसको दिगोपना सम्बन्धी कार्यक्रम सञ्चालनका लागि स्थानीय तहले बालश्रम निवारण कोष स्थापना गर्न सक्नेछ ।

## परिच्छेद-८
## विविध

२६. **सूचक थप गर्न सकिने :** यो कार्यविधिको मूल भावना र मर्म विपरित नहुने गरी स्थानीय स्तरको विविधता अनुरुप सम्बन्धित स्थानीय तहले अतिरिक्त सूचक बनाई कार्यान्वयन गर्न सक्नेछ ।

२७. **संशोधन सम्बन्धी व्यवस्था :** यो कार्यविधिको संशोधन मन्त्रालयले गर्न सक्नेछ ।

# अनुसुची १

**(दफा ५ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)**

**बालश्रम मुक्त स्थानीय तहका लागि घरधुरी सर्वेक्षण**

स्थानीय तहको नामः ........................................................................................................................................

**१. जानकारी**

(क) वडा नं ....................................... (ख) घर नं .........................................

(ग) परिवार सदस्य संख्या .................... (घ) ५ देखि १८ वर्ष सम्मका बालबलिकाको संख्या ...

**२. पारिवारिक जानकारी**

**(क) पारिवारिक विवरण**

| सि.नं | परिवारको सदस्यको नाम | घरमुलीसँगको नाता | लिङ्ग | उमेर | वैवाहिक स्थिति |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |

**(ख) ५ वर्ष भन्दा माथिका पारिवारका सदस्यको शिक्षाको अवस्था**

| | १ | २ | ३ | ४ | ५ |
|---|---|---|---|---|---|
| प्रश्न | कुनै भाषामा पढ्न र लेख्न सक्नुहुन्छ ?<br>(१) सक्छु<br>(२) सक्दिन | यस वर्ष कुनै विद्यालय वा प्रारम्भिक विद्यालय जानुभएको छ?<br>(१) छु<br>(२) छैन | कहिल्यै विद्यालय जानु भएको छ ?<br>(१) छु<br>(२) छैन | विद्यालय नजानुको कारण ? | कति कक्षासम्म पढ्नु भएको छ ? |
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |

## (ग) आर्थिक अवस्था

| | ६ | ७ | ८ | ९ | १० | | ११ |
|---|---|---|---|---|---|---|---|
| प्रश्न | एक हप्ता भित्र कम्तिमा १ घण्टा कुनै रोजगार वा काममा संलग्न हुनुहुन्थ्यो ? | एक हप्ताको भित्र कुनै िनिम्नलिखित काम वा व्यवसायमा संलग्न हुनुहुन्थ्यो ?<br>(१) व्यवसायमा तलब/ज्याला आउने काममा<br>(२) तलब/ज्याला आउने घरेलु काममा<br>(३) तलब/ज्याला नलिइ घरेलु काममा सहयोग<br>(४) आफ्नै घरको प्लट वा फार्ममा सहयोग<br>(५) आफ्नै घर, प्लट वा व्यवसायको निर्माण वा मर्मत सम्भार सम्बन्धी कार्य | एक हप्ता भित्र कुनै काम वा व्यवसायमा संलग्न नभएता पनि कुनै काम वा व्यवसायमा फर्कन चाहनुहुन्छ ? | कस्तो प्रकारको काम वा व्यवसायमा संलग्न हुनुहुन्थ्यो ?<br>(१) रोजगारदाता<br>(२) श्रमिक<br>(३) स्वरोजगार<br>(४) पारिवारिक काम<br>(५) अन्य | मुख्य कामबाट मासिक पारिश्रमिक | | अन्य सुविधा<br>सञ्चयकोष<br>विमा<br>विरामी<br>विदा |
| | | | | | आधारभूत पारिश्रमिक | महंगी भत्ता | |
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |
| ५. | | | | | | | |
| ६. | | | | | | | |

| | १२ | १३ | १४ | १५ | | १६ | | १७ | |
|---|---|---|---|---|---|---|---|---|---|
| प्रश्न | एक हप्ता भित्र मुख्य पेशा वा व्यवसाय बाहेक अन्य कुनै काम गर्नुभयो ?<br>(१) गरे<br>(२) गरिन | गएको हप्ताको प्रत्येक दिनहरुमा जम्मा कति घण्टा काम गर्नुभयो ? | पहिलो पटक कति वर्षको हुँदा काम वा व्यवसाय सुरुवात गर्नुभयो ? | बेरोजगारी सम्बन्धी प्रश्न | | घरायसी कार्य(बालबालिका ५-१७ वर्षकालाइ मात्र) | | काम गर्ने बालक/बालिकाको बारेमा अभिभावक वा संरक्षकको धारणा वा बुझाइ | |
| | | | | गएको हप्ता कुनै कामको खोजीमा हुनुहुन्थ्यो ?<br>(१) थिए<br>(२) थिइन | कति समयदेखी कामको खोजीमा हुनुहुन्छ ? | बितेको हप्ता मध्ये कुनै ***घरायसी कार्य** गर्नुभयो ?<br>(१) गरे<br>(२) गरिन | वितेको हप्ता कति घण्टा घरायसी काममा संलग्न हुनुभयो ? | बालक/बालिकाले कामबाट समस्या भोगेको छ<br>(१) छ<br>(२)छैन | बालक/बालिकालाइ काम गर्न दिनु वा काममा लगाउनुको मुख्य कारण के हो |
| १. | | | | | | | | | |
| २. | | | | | | | | | |

* **घरायसी कार्य** : किनमेल, घरायसी सामान मर्मत, खाना पकाउने, भाडा वर्तन माझ्ने, लुगा धुने, बालबालिका, बिरामी तथा बृद्ध बृद्धाको हेरचाह सम्बन्धी कार्य, अन्य घरायसी कार्य

## (घ) घरायसी र घरधुरी विवरण

| १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ |
|---|---|---|---|---|---|---|---|---|---|
| तपाइको घर कस्तो प्रकारको घर हो ?<br>(१) अपार्टमेन्ट/ फ्ल्याट<br>(२) निजी घर<br>(३) निजी घरको भाग<br>(४) मोबाइल घर टेन्ट/क्याराभान<br>(५) बस्ने उद्देश्यका लागि नबनाइएको आश्रय स्थल<br>(६) झुपडी घर<br>(७) अन्य | घरको स्वामित्व ?<br>(१)परिवारको सदस्यको नाममा भएको<br>(२) साझा घर<br>(३) निशुल्क रुपमा बनएको<br>(४) रोजगारदाताको<br>(५) भाडामा<br>(६) अन्य | उर्जाको मुख्य श्रोत?<br>(१) दाउरा<br>(२) कोइला<br>(३) मट्टीतेल<br>(४) ग्यास<br>(५) विद्युत<br>(६) सौर्य उर्जा<br>(७) अन्य | खानेपानीको मुख्य श्रोत?<br>(१) घरभित्रै पाइपबाट<br>(२) घरबाहिर पाइपबाट<br>(३) टयाङ्कर<br>(४) नदी/खोला<br>(५) इनार/ ट्युववेल<br>(६) .कुवा<br>(७) पोखरी<br>(८) आकाशे पानी | तपाइको परिवारको सदस्यको कसैको नाममा जग्गा छ?<br>(१) छ<br>(२) छैन | तपाइको परिवारको नाममा भएको जग्गाको क्षेत्रफल कति छ ? | परिवारको कुनै बच्चालाइ परिवारको कसैको नाममा भएको ऋण तिर्नको लागि विद्यालय छोड्न लगाउनु भएको छ ? या लगाउदै हुनुहुन्छ | तपाइको परिवारको मासिक औषत खर्च कति रहेको छ ? | तपाइको परिवारको आम्दानीको मुख्य श्रोत के हो ? | तपाइको परिवारको मासिक औषत आम्दानी कति रहेको छ ? |
| | | | | | | | | | |
| | | | | | | | | | |

## (ङ) ५-१७ वर्षका प्रत्येक बालबालिकालाइ सोध्ने प्रश्न

| | २८ | २९ | ३० | ३१ | ३२ | ३३ | ३४ |
|---|---|---|---|---|---|---|---|
| प्रश्न | के तपाइ जुन कुनै भाषामा पढ्न लेख्न सक्नुहुन्छ ?<br>(१) सक्छु<br>(२) सक्दिन | के तपाइ यो वर्षमा विद्यालय वा पूर्व प्राथमिक विद्यालय जानुभएको छ ? | तपाइको अध्ययनको तह कुन हो ?<br>(१) पूर्व प्राथमिक<br>(२) प्राथमिक<br>(३) माध्यामिक<br>(४) उच्च माध्यामिक | तपाइले प्राथमिक कक्षा कति बर्षको उमेरमा सुरु गर्नुभयो ? | गएको हप्तामा तपाइले कुनै दिन विद्यालय छोड्नुभएको छ ?<br>(१) छ<br>(२) छैन | छोड्नुभएको हो भने विद्यालय छोड्नुको कारण के थियो ?<br>(१) विद्यालय विदा भएर<br>(२) शिक्षक अनुपस्थित भएर<br>(३) खराव मौसमको कारण<br>(४) पारिवारिक व्यवसायलाइ सहयोग गर्न परेर<br>(४) घरमा घरायसी काममा सहयोग गर्न परेर<br>(५) पारिवारिक व्यवसायका कारण घर बाहिर काम गर्न परेर<br>(६) विरामी वा अशक्तताका कारण<br>(७) अन्य | कहिल्यै विद्यालय जानुभएको छैन भने नजानुको कारण के हो ?<br>(१) कम उमेर भएर<br>(२) अशक्त/बिरामी भएर<br>(३) विद्यालय छैन/टाढा भएर<br>(४) विद्यालय शुल्क तिर्न नसकेर<br>(५) परिवारले पढ्न अवरोध गरेर<br>(६) विद्यालयमा रुचि नभएर<br>(७) शिक्षालाइ महत्वपूर्ण नठानेर<br>(८) विद्यालय सुरक्षित नभएर<br>(९) काम सिक्न परेर<br>(१०) पैसाको लागि काम गर्न परेर<br>(११) पारिवारिक व्यवसायमा ज्याला नलिने कामदारको रुपमा काम गर्न परेर<br>(१२) घरायसी काममा सहयोग गर्न परेर<br>(१३) अन्य |
| १. | | | | | | | |
| २. | | | | | | | |

**५-१७ वर्षका प्रत्येक बालबालिकालाइ सोध्ने प्रश्न**

| ३५ | ३६ | ३७ | ३८ | ३९ |
|---|---|---|---|---|
| तपाईले विद्यालय वाहिर कहिल्यै व्यवसायीक तालिम लिनुभएको छ ? | सो तालिमको प्रमाणपत्र प्राप्त गर्नुभएको छ ? | कुन विषयमा तालिम लिनुभएको थियो ? | एक हप्ता भित्र कुनै काममा कम्तिमा १ घण्टा संलग्न हुनुहुन्थ्यो? | यी मध्ये कुनै काम गत हप्ता १ घण्टा गर्नुभएको थियो?<br>(१) कुनै व्यवसाय संचालन आफै वा सहकार्यमा<br>(२) पारिश्रमिक या तलव या पैसाको लागि कुनै काम<br>(३) घरेलु बालश्रम<br>(४) घरायसी व्यवसायलाई सघाउने काम<br>(५) आफ्नै घरको लागि कुनै कृषि, खाद्य, पशुपालन रेखदेख जस्ता काम<br>(६) निर्माण र मर्मत सम्बन्धी आफ्नै घरमा काम<br>(७) घरको खानाका लागि माछा समात्ने काम<br>(८) पानी लिन जाने<br>(९) घाँस दाउरा लिन जाने<br>(१०) घरायसी प्रयोगको लागि कुनै बस्तु उत्पादन<br>(११) अन्य कुनै काम ........................ वा व्यवसाय ............................ |

## १४-१७ वर्षका प्रत्येक बालबालिकालाइ सोध्ने प्रश्न

| ४० | ४१ | ४२ | ४३ | ४४ | ४५ | ४६ | ४७ | ४८ | ४९ |
|---|---|---|---|---|---|---|---|---|---|
| गत हप्तामा मुख्य काम वाहेक अन्य कुनै काम गर्नुभएको थियो ? | गत हप्ता कति समय काम गर्नुभएको थियो ? | गत हप्ताको कुनै दिन वढिमा कति समय काम गर्नुभएको थियो ? | मुख्य काम कहाँ गर्नुहुन्थ्यो ? | मुख्य कामका लागि तपाई के हुनुहुन्थ्यो? (१) रोजगारदाता (२) आफ्नै खाता भई काम गर्ने (३) श्रमिक (४) पारिवारिक काम | वेलुकी ६ बजे देखि विहान ६ बजेसम्म काम गर्नुभयो ? | चिकित्सक बाट योग्यताको प्रमाणपत्र लिनु भएको थियो ? | पारिश्रमिक भुक्तानीको तरिका ? (१) पिस रेट (२) घण्टा (३) दैनिक (४) हप्ता (५) मासिक (६) कार्यगत (७) अन्य | मुख्य काममा सरदर मासिक पारिश्रमिक ? | सञ्चय कोप, उपदान लगायत अन्य विदाहरु पाउनुभएको छ ? |

**च व्यवसायजन्य सुरक्षा र स्वास्थ्य (१४-१७ वर्षका प्रत्येक बालबालिकालाइ सोध्ने प्रश्न)**

| ५० | ५१ | ५२ | ५३ | ५४ | ५५ |
|---|---|---|---|---|---|
| जोखिमपूर्ण व्यवसाय वा काममा संलग्न हुनुहुन्थ्यो ? | काममा कुनै घाउ चोटपटक लागेको थियो? | कुनै भारी बस्तु उठाउनु परेको थियो ? | कुनै मेसिन औजार चलाउनु परेको थियो? | निम्न कार्य वातावरणमा काम गर्नुपरेको थियो ?<br>(१) धूवाँ धुलो<br>(१) आगो, ग्याँस र ताप<br>(३) ठूलो आवाज<br>(४) खतरानाक औजार<br>(५) जमिनमुनी<br>(६) उचाइमा<br>(७) पानी पोखरी तलाउमा<br>(८) अधेरो र सानो कोचिएको ठाँउमा<br>(९) भेन्टिलेसन प्रयास नभएको ठाँउमा<br>(१०) केमिकल भएको ठाँउ<br>(११) विष्पोटक पदार्थ भएको ठाँउ<br>(१२) अन्य | |

# अनुसुची २

(दफा ७ सँग सम्बन्धित)

## बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यक्रम सञ्चालनका लागि प्रस्ताव

स्थानीय तहको नाम :

स्थानीय तहको ठेगाना :

बालश्रम निवारण सम्बद्ध कार्यक्रमका लागि विनियोजन भएको बजेट :

| क.सं | क्रियाकलाप (कार्यविधीको सूचक ...... सँग सम्बन्धित) | भएको/नभएको | नभएको भए | | |
|---|---|---|---|---|---|
| | | | सम्पन्न गर्न लाग्ने समयावधि | अनुमानित लागत | सहयोगी निकाय |
| १. | सबै बालबालिकाको जन्मदर्ता (१क) | | | | |
| २. | सरोकारवालाको सूचीकरण र नक्साङ्कन (१ग) | | | | |
| ३. | बालश्रम हुनसक्ने क्षेत्र बाट बालश्रम प्रयोग नगर्ने प्रतिबद्धता पत्र (१घ) | | | | |
| ४. | बालश्रम निवारणको छुट्टै नीति (२) | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | बालश्रम निवारण सम्बन्धी चेतनामूलक र मनोपरामर्श कार्यक्रम (३क) | | | | |
| ६. | बालश्रमिक सम्बद्ध परिवारका लागि वैकल्पिक आय आर्जनका कार्यक्रम (३ख) | | | | |
| ७. | बालश्रमिकका लागि सीपमूलक कार्यक्रम (३ग) | | | | |
| ८. | सक्रिय संघ संस्था तथा व्यवसायीलाइ प्रोत्साहन तथा सम्मान कार्यक्रम (३घ) | | | | |
| ९. | सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम (३ङ) | | | | |
| १०. | उद्धार, पुनर्स्थापना | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | पुनर्मिलन सम्बन्धी कार्यक्रम (३च) | | | | |
| ११. | शैक्षिक विकास सम्बन्धी कार्यक्रम (३छ) | | | | |
| १२. | बालश्रम निवारण सम्बन्धी कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन (४) | | | | |
| १३. | बालबालिकाको क्षेत्र हेर्ने गरी कर्मचारी वा शाखाको व्यवस्था (५क) | | | | |
| १४. | बालक्लब र अन्य सञ्जालको विकास (५ख) | | | | |
| १५. | बालअधिकार समितिको व्यवस्था (५ग) | | | | |
| १६. | बालश्रमको अवस्था अनुगमन तथा कारबाहीका | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | लागि संयन्त्र (५घ) | | | | |
| १७. | बालकल्याण गृह वा अन्य कुनै हेरचाह गर्ने संस्थाको व्यवस्था (५ङ) | | | | |
| १८. | विद्यालय भर्ना दर ९५ प्रतिशत भएको नभएको (६क) | | | | |
| १९. | विद्यालय छोड्ने दर घट्दो भएको नभएको (६ख) | | | | |
| २०. | सहयोग, समन्वय र सहकार्यको अवस्था भएको नभएको (७) | | | | |
| बालश्रम मुक्त हुन लाग्ने जम्मा समयावधि : . . . . . . . . . . . .<br>बालश्रममुक्त स्थानीय तह घोषणाका लागि लाग्ने जम्मा बजेट : . . . . . . . .. . . . . . . | | | | | |

**प्रस्ताव तयार गर्नेको** **स्थानीय तहको**

नाम थर : प्रमुख प्रशासकीय अधिकृतको नाम थर :

दर्जा : हस्ताक्षर :

हस्ताक्षर : छाप :